'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत १३

वर्ष २, अंक २ | बुद्ध सम्वत् २५५८ | ने.सं. ११३४ गुँला थ्व, जनै पूर्णिमा | वि.सं. २०७१ साउन २५



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

# अर्हत

त्रैमासिक

वर्ष २ | अङ्क २ | पूर्णांक १३ | नेस.११३४ गुंला थ्व

गुन्ही पुन्हि

शक सं. १९३६ | २०७१ साउन २५ | बुद्ध सं. २५५८

सल्लाहकार

रत्नसुन्दर शाक्य
जुनु बासुकला रंजितकार
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# प्रकाशकीय

विश्वका प्राणीहरुको आ-आफ्नो बासस्थान छन् । सबैले आ-आफ्नो बासस्थानमा जीवन बिताउन पाएका छन् । तर यो पृथ्वीमा प्यालेष्टिनी जनताको एक इञ्च पनि भू-भाग छैन । हामीलाई थाहा छ, एशिया महादेशको आजको मध्यपूर्वको इजरायल राज्य नै प्यालेष्टाइन राज्य थियो । प्यालेष्टाइन प्यालेष्टिनी जनताको मातृभूमि हो । प्राचीनकालमा प्यालेष्टाइन राज्यमाथि छिमेकी राज्यहरुले पटक-पटक कब्जा जमाए । पहिलो विश्व युद्धपछि प्यालेष्टाइन बेलायतको अधिनमा गयो । प्यालेष्टिनी जनतामाथि बेलायतले दमनको नीति अपनायो र यहुदीहरुलाई प्रोत्साहन दियो । बेलायत, अमेरिका, रुस र पूर्वी युरोपमा बसोबास गर्ने यहुदीहरुलाई प्यालेष्टाइनमा बसोबास गर्न लगाए । सन् १८९७ मा सम्पूर्ण यहुदीहरुको भेला स्विजरल्याण्डमा भयो । त्यो भेलाले प्यालेष्टाइनमा यहुदी बासस्थान स्थापना गर्ने निर्णय गर्‍यो । दोस्रो विश्व युद्धपछि १४ मई १९४८ मा बेलायतबाट प्यालेष्टाइन मुक्त भयो र तर त्यही दिन यहुदीहरुले प्यालेष्टाइनलाई इजरायल बनाए । संयुक्त राष्ट्रसंघले इजरायललाई मान्यता दियो । प्यालेष्टिनी जनता घरबारविहीन भए ।

प्राचीनकालदेखि आजसम्म प्यालेष्टिनी जनता मातृभूमिको लागि निरन्तर सङ्घर्ष गर्दैछन् । तिनीहरुको जीवन 'जन्मनु, हुर्कनु, लड्नु' मा नै सीमित भएको छ । छातीभित्र बुद्धको छायाँ नपरेका इजरायली सेनाको गोली र बमहरुबाट आफ्नो मातृभूमिको खोजी गर्ने प्यालेष्टिनी जनतालाई संहार गर्दैछन् । बौद्ध दर्शन अध्ययन समाज त्यो नरसंहार बन्द गर्न आग्रह गर्दछ ।

विश्वका सम्पूर्ण मानव जातिले विश्व शान्तिको लागि प्रण गरौं -

बुद्धं शरणं गच्छामी ।
धम्मं शरणं गच्छामी ।
सघं शरणं गच्छामी ।

हामीले बुद्धको शिक्षालाई व्यवहारमा लागू गर्न सके के विश्वमा शान्ति आउँदैन र ? अस्तु

आवरण तस्बिरः कुलरत्न महाविहारको चोक, क्वाठन्डौ



# कर्मफल

✍ भिक्षु अश्वघोष

आत्मा, आर्य, सनातन, पुनर्जन्म (पुनर्भव) र कर्मफलको विषयमा बुद्धधर्ममा अलग्गै सोचाई र विश्वास पाइन्छ । यसको अर्थ अरु धर्मले लगाएको अर्थसँग बिल्कुल विपरीत छ । यहाँ मलाई लागे अनुसार बौद्ध कर्मफलको बारे चर्चा गर्न लागेको छु ।

कर्मफलको अर्थ हो काम गरेको बापत ज्याला वा प्रतिफल पाउनु तर धार्मिक जगत्मा यो साधारण अर्थ गम्भीर रुपले अथवा दर्शनको रुपले पहिले पहिले जन्ममा गरेको कामको फल नै कर्मफल भनी बुझिराखेको छ जुन कि वैज्ञानिकहरुको विचार अनुसार अव्यावहारिक, अप्रमाणिक र बुद्धधर्मलाई नसुहाउँदो छ । यस विषयमा जन्मेदेखि अन्धोले हात्तीको कल्पना गरे जस्तै भइराखेको छ । त्यस्तो भएको कारण के हो ?

एकपल्ट अति नास्तिक मतलव असल खराव कामको केही महत्त्व नराख्ने र त्यसमा विश्वास नगर्ने शुभ नामक मानवको प्रश्नलाई बुद्धले जवाफ दिनुभयो - मानिस एक कर्मको खेल हो, कर्मकै अधीन, कर्मले नै जन्म लिन्छ, कर्म नै आफन्त हो, कर्मकै शरण हो, कर्मले नै ठूलो सानो हुन्छ ।

सबैभन्दा अलमल भएको कुरा त - 'चूलकम्म विभंग सूत्र अनुसार मानिसहरु भिन्नाभिन्नै स्वभाव हुने, राम्रो हुने, नराम्रो हुने, आयु लामो हुने, छिटै मर्ने आदि आ-आफ्नो कर्म अनुसार हुने हो ।' त्रिपिटक पालि ग्रन्थहरुमा धेरै कुरा गोलमान र बुझ्न अप्ठयारो हुने कुराहरु मिसाइसकेको छ । यो कर्मफल गम्भीर जटिल विषय भएर बुद्धले यस्तो पनि भन्नु भएको छ । "अचिन्तनीयो कम्म विसयो ।" अर्थात् कर्मफल बारेमा चिन्तन नगर । यसको कल्पना गरिरह्यो भने निष्कर्षमा नपुगिकन नै मानिस पागल हुन्छ ।

जस्तो भनिए पनि स्वतन्त्र चिन्तन र वैज्ञानिक दृष्टिले विचार गरिहेर्दा बुद्धधर्म अनुसार सबै कुरा पूर्व कर्म अनुसार मात्र हुने होइन । अंगुन्तर निकायमा तीर्थायतन सुत्रमा उल्लेख भए अनुसार संसारमा तीन प्रकारका कर्मफल मान्नेहरु छन् ।

१) मानिसहरुले जति पनि सुख दुःख भोग गरिरहेकाछन्, रोग भई राखेका आदि सबै पहिलेको जन्ममा गरिको कर्मको फल हो ।

२) जति पनि सुख दुःख आदि घटनाक्रम संसारमा भइ राखेका छन् ती सबै ईश्वरको कृपा अनुसार भएका हुन् ।

३) अर्को एक थरी छ - सुख-दुःख हुने कुनै हेतु वा कारण नभइकन स्वतः आफै हुने हो ।

यो तीनै कर्मफलको कुरालाई बुद्धले मान्यता दिनु भएको छैन । गौतम बुद्धले भन्नुभयो-यदि सबै पूर्वजन्मको फल हो भने, ईश्वरको कृपा अनुसार हुने हो भने र कुनै हेतु वा कारण बिना आफै हुने हो भने-कसैले कुटे पनि, चोरेर लगे पनि चूप लागी बस । दण्द नदेऊ । चोटपतक लागे पनि, पेट दुखे पनि, जस्तो सुकै रोग भए पनि औषधी नगर्नु । कुनै पनि खराब मानिसलाई असल बन, बानि सुधार, अरुलाई दुःख नदेऊ आदि अर्ति उपदेश

र सुझाव नदेउ, शिक्षा नदेऊ । चूप लागी बस किनभने सबै पूर्वजन्मका फल हुन्, ईश्वरको कृपाले हुने भयो । खान नपाए पनि चूप लाग । त्यो पनि पहिलेको जन्मकै कर्मफल हो भनी मनमा राख । किन प्रयत्न गरिराख्ने ?

बुद्धले भन्नुभयो-"यी तीनवटै मिथ्यादृष्टि (असमझदारी) गलत धारण हुन । अन्धविश्वास हुन् । यस विषयमा अध्ययन र छलफल गरिरहेमा निष्कर्षमा पुग्न सकिन्न र अन्त हुँदैन । उहाँले फेरि भन्नुभयो -चोर हुने, अपराधी हुने आदि अव्यवस्था र गरीबी भएकोले हो । शरीर सञ्चो नहुने पनि खाना नमिलेर, धेरै खाएर, गर्मी वा जाडो भएर, ऋतु (मौसम) बदलेर, लामखुट्टेले टोकेर, कीरा फट्याङ्ग्राले टोकेर र पीर वा चिन्ता भएर हो । पित्त प्रकोप हुनु र धेरै हावामा बस्नुले पनि बिरामी होइन्छ । यस्तै पानीले रुझ्दा र फोहर पानीको कारणले गर्दा पनि बिरामी होइन्छ ।

काम गर्ने ढङ्ग र बोल्ने तरीका भएन भने पनि दुःख हुन्छ, अशान्ति हुन्छ । वर्तमान भौतिक वातावरणको प्रभावले पनि दुःख हुन्छ । पूर्व कर्मलाई मात्र दोष दिएर निराश हुनुहुँदैन । नजानी वा जानी सानैदेखि गरेको काम पनि पूर्व कर्म हो ।

फेरि अर्को एक ठाउँमा गौतम बुद्धले भन्नुभएको छ- कर्ममा छैन भनेर हात बाँधी अल्छी भएर बसिरह्यो भने भएको कर्म (भाग्य) पनि हराएर झन् झन् अभागी र दुःखी हुन्छ । मेहनत गरी लग्यो भने नभएको भाग्य पनि उब्जेर आउँछ, अनि दुःख हराएर जान्छ ।

**पालि साहित्यमा कर्मको चार समूह गरी छुट्याइएको छ :-**

१) दिट्ठधम्म विपाक -अर्थात् यहाँको यहीं देखिने गरी फल भोग गर्नुपर्ने, मरिसकेपछि फल दिने होइन । उदाहरणको लागि फिलिपिन्सका राष्ट्रपति मार्कोसले देश छोडेर जानु परेको, बंगलादेशका राष्ट्रपति एर्शाद जेलमा परेको आदि कुकर्मको फल यहीं देखिएको हो । राणा शासनको अन्त र पञ्चायतको पतन पनि यहीं देखिएको कर्मफल हो ।

२) उपपज्ज वैदनीय विपाक - अर्थात् यहाँ मरेर अर्को जन्ममा फल दिने जस्तै कि असारमा धान रोप्दा आश्विन कार्तिकमा धान फल्छ । अर्को रुपमा भन्ने हो भने आमा बाबुको छोरा छोरीहरुले दुःख.सुख भोग गर्नुपर्ने ।

३) अपरापर वेदनीय विपाक - अर्थात् जुनसुकै जन्ममा मौका पर्ने बेला फल दिने । बाज्येले गरेको कर्म नाति-नातिनीहरुले भोग गर्ने जस्तै कोही बच्चाहरुको आमाबाबुसँग भन्दा बज्यैसँग स्वभाव मिल्ने हुन्छ । दराजमा राखेका लुगाहरु चाहिने बेलामा झिकी लाउने जस्तै ।

४) अहोसि कर्म - अर्थात् फल नदिने जस्तो कि पोलेको, भुटिसकेको बीउ रोपे पनि नफल्ने । नदीको एक पारीबाट पठाएको अर्को पारी नपुगी बीचमा पर्ने । अंगुलीमालले त्यतिका मानिसहरु मारे पनि पछि केही फल भोग गर्नु परेन । उसको कर्म लोप भयो । मुक्त भयो ।

यी चार कर्मफलमध्ये पहिलो र सबभन्दा पछिको व्यवहारिक छ र दोस्रो र तेस्रो वंशानुगतरुपले व्यवहारिक भए पनि बौद्ध पुस्तकमा व्याख्या गरिएको सिंगै धार्मिक र बुझ्न गाऱ्हो छ । हिन्दु धर्मको कर्मफलसँगको मिल्दो जुल्दो छ ।

अब विचार गरौं-दोस्रो, यहाँ मरेर अर्को जन्ममा फल दिन्छ भन्ने कुरोमा । वंशानुगतरुपले आमा-बाबुले गरेको कामको प्रतिफल छोराछोरीलाई पनि पर्न जान्छ । बाबु असल भए छोरालाई पत्यार गरिन्छ । पिता असल भए, देश सेवक भए छोरालाई पनि विश्वास गरिन्छ । जस्तै शहिद गंगालालको छोरालाई सरकारले महिना महिनामा पैसा दिएर संरक्षण दिइरहेको छ भन्ने सुनें ।

तेस्रो, मौका हुने बेला फल भोग गर्नुपर्नेछ भन्ने कुरा बुझ्नलाई एउटा उदाहरण दिन्छु । यहाँ एउटा घरमा

एउटी आइमाईको चरित्र नराम्रो थियो । यो ४० वर्ष अधिको कुरा हो । अहिलेसम्म त्यो घरमा छोरीहरुलाई पत्यार नगरी उनीहरुको बिहे भएन । धेरै पुस्तासम्म त्यसको असर पर्‍यो ।

अर्को एउटा उदाहरण हेरौं- भारतमा मोतीलाल नेहरुको छोरा जवाहरलाल नेहरु देशको स्वतन्त्र आन्दोलनमा अग्रगण्य थिए । नेहरु प्रधानमन्त्री बने । त्यही प्रभावले इन्दिरा गान्धी प्रधानमन्त्री बने । त्यसपछि राजनीतिको अनुभव नभए पनि राजीव गान्धी प्रधानमन्त्री भए तर काम सन्तोषजनक नभएकोले र छिमेकी देशहरुलाई सताएकोले उहाँले प्रधानमन्त्री पद गुमाउनु पर्‍यो । यो पनि कर्मफल नै हो कि ?! यो घटनाले देखिन्छ वंशाणुगत रुपले फल दिइरहेको छ । नेहरुको प्रभाव उसका नातिमा समेत पर्‍यो । यो राजनीतिको कुरा होइन । धर्मनीतिकै कुरा हो ।

पहिलो त यहाँको यहीं नै देख्ने गरी फल भोग्नु पर्ने भयो । उदाहरणको लागि यहाँ एक ठाउँमा लोग्ने र स्वास्नी वर्षौं वर्ष अलग भएर बसिरहे । पछि मिलेर बसे । केही वर्ष पछि छोरा चाहीं पनि आफ्नो स्वास्नीसँग अलग बसे । तिनीहरु पनि पछि मिलेर बसे तर उसको पनि छोरा अहिलेसम्म स्वास्नीसँग अलग भएर बसिरहे । घरमै बस्छ तर स्वास्नीसँग सँगै बस्दैन । तीन पुस्तासम्म त्यस्तै चलिरह्यो । यो उपपज्ज वेदनीय दोस्रो र अपरापरिय वेदनीय तेस्रो कर्मफल भयो ।

**कर्मको प्रकृति नियम**

मानिस जन्मने प्रकृति नियम :-

१) आमा बाबुका बीच सम्भोग हुनुपर्छ,

२) आमा ऋतुमती हुनुपर्छ,

३) बाबुको शुक्र श्रोणित (बीज) यथास्थानमा पर्नुपर्छ,

कर्म बीउ जस्तै भयो । आमाको श्रोणित जमीन भयो । बाबुको शुक्रबीज पानी, यी तीन क्रिया र कर्म बीजले प्रतिसन्धि विज्ञान आमाको पेटमा बच्चाले जन्म लिन आउँछ तर कालान्तरमा होइन ।

१) बीज नियम - प्रकृति नियम-बीउले रुख उम्रन्छ, यस्तै मानिसको बीउले मानिस जन्मन्छ ।

२) ऋतु नियम - मौसम अनुसार रुखमा पात उम्रन्छ ।

३) कर्म नियम - असल र खराब काम अनुसार मानिसको गति हेतु फलवाद अनुसार बदलेर जान्छ ।

४) धर्म (प्रकृति) नियम - पानीको स्वभाव, चिसो, आगोको स्वभाव तातो, हावाको प्रकृति नियम घचार्ने वा चल्ने । पृथ्वीको स्वभाव गर्‍हौं हुने । चतुर्महाभूतको स्वभाव धर्म हो बतास चल्ने, आगो लाग्ने, कसैको आशा अनुसार प्रकृति नियम हुँदैन, आ-आफ्नो स्वभावले नै हुन्छ ।

५) चित्त नियम - मेशिनको चित्त छैन । रुखसँग पनि चित्त छैन । प्राणीको मनसँग चित्त र चेतन शक्ति छ । चित्त भएकोले चिन्तन शक्ति भएको हो । पुतली बनाउनेले चिन्तन शक्ति र चित्त बनाइदिन सक्दैन । बीउ रोप्न जमीन चाहिन्छ । पानी चाहिन्छ, त्यसमा विरुवा लाग्छ ।

**मानिस मर्ने कारण - तीन चीज नभएपछि मानिस मर्छ :-**

१) जीवितीन्द्रिय भन्ने आयु,

२) तेजो धातु भन्ने तातोपन,

३) चित्त भङ्ग हुने विज्ञानको (चेतनाको) अभाव,

यी तीन वटा चीज भएन भने मानिस मर्‍यो भनिन्छ ।

विशेष स्मरणीय छ बुद्धधर्म अनुसार कर्मफल भोग्नुपर्छ । नेपालको नयाँ संविधानमा हिन्दु धर्मलाई मात्र स्थान दिएकोले यो नयाँ प्रजातन्त्रले पनि भविष्यमा फल भोग्नुपर्नेछ ।

पञ्चायती शासनकालमा पोखराको शान्ति चैत्य भत्काएको, ठाउँ ठाउँमा गुम्बा र अरु चैत्य भत्काएको र लुम्बिनी विकासलाई पंगु बनाएको आदि कु-कर्मले पञ्चायती शासनको अन्त र पतन छिट्टै भयो । यो कर्मफलको नियम हो, प्रकृतिको स्वभाव हो ।

❖❖❖

# Rahul Sankrityayana in Nepal

✍ H.L. Singh

There are a very few Buddhits scholars and thinkers of the stature of Rahul Sankrityayana.

Perhaps a few names could be mentioned. They were Anagarika Dharmapala of Sri Lanka, B.R. Ambedkar of India and Professor Tucci of Italy. Rahul Sankrityayana made a considerable contribution in different fields: religion, philosophy, travelogue, history, politics, archaeology and literature. He influenced by Buddhism that he became a Buddhist changing his name to Rahul Sankrityayana from Kedarnath Pandey.



Rahul Sankritayan

It was his great interest and research in Buddhism which drew him to Nepal and Tibet. His deep understanding of Buddhism, his opposition to orthodoxy and his free thinking were remarkable features of his life. Indefatigable traveler as he was he took the message of the Budda wherever he went like a missionary. He was one of the few Indian scholars who strove for the revival of Buddhism in India and elsewhere. His book on Buddhist philosophy, his researches on the ancient Buddhist history and travelogues and novel give a vivid account of Buddhist thought and philosophy.

A great scholar of Sanskrit, Pali, Hindi, Rahul was also a doyen among the Tibetologists. He was attracted by the *Himalayas*. He tried to settle in places of northern India. He also tried Kalimpong, Sikkim and Nainital but at last found a home at Herncliffe, Mussourie. Writing in a quarterly called *Himalaya*, Rattan Lal Bisotra says, "both Tucci and Rahul were lovers of the Himalayas. Both were devoted to the Himalayas, Tibetan art and thought, history, religion, literature,. Rahul's works pertaining to people at large were more comprehensive and within the understanding of common reader whereas Tucci's objective was more confined to art and its symbolic significance."

Rahul had a very close contact with Nepal and the Nepalese people. He had written in his books that he was grateful to the Nepalese people for their contribution in his life. According to Rahul, at the age of 10 he was influenced by a certain Baba from Pokhara, Nepal.

Chittadhar Hridaya wrote, "He came to Nepal as a saint pilgrim on the occasion of *Shivaratri*. But he had been here with a wish to visit Tibet. At the time he was a saint not a

*Vaisnavite*, nor an Arya Samaji". Being influenced by Anagarika Dharmapal, Mahasthavira Bodhananda and Chandramani, he took to Buddhism. After the Shivaratri festival when he was on the lookout for a companion to go to Tibet, Ven Dhammaloka helped him to stay at the Kindol Vihara in concealment. Then, he took Rahul to Ḥelambu to enable him to go to Tibet. Rahul Sankrityayana stayed at the house of Dharmaman Shahu when he was in Kathmandu.

Rahul came to Nepal for the first time on Jnuary 13, 1923, to see the Triveni Mela held on the bank of the Gandaki. From there he came to Kathmandu at the time of *Shivaratri*. Pandit Hemaraj Sherma went to see him when Rahul was staying at Vairagi Akhada at Thapathali on February 15, 1923. This meeting culminated in fast friendship between the two. In two of his writings, "To whom I am grateful" and "My life's journey", Rahul had expressed that he was grateful to Hemaraj for the latter's assistance to his study of Nepal-Tibet relations and in the study and research of ancient Nepalese manuscripts and texts."Rajguru Hemraj was an encyclopaedia of Nepal. He was proficient in all shastras of Sansrit" ....... Wrote Rahul.

Chandra Shumshere, while on his outing for visiting the temple on the occasion of *Shivaratri*, went to Vairagi Akhada to see Rahul. Chandra Shumshere then had a chat with Rahul.

The second time he came to Kathmandu he visited the residence of Chiniya Lama at Boudha. After sometime he stayed at the residence of Dharmaman Shahu of Tanlachhen Tole of Kathmandu. Dharmaman Shahu had Kothi, a trading house at Lhasa, and he arranged lodging and boarding for Rahul there. Rahul had expressed a deep sense of gratitude to Dharmaman Shahu saying, "Some Buddhist households of Nepal knew my plan to visit Tibet for the study of the *Bouddha Dharma*. They helped me. But the help of Dharmaman Shahu was exceptional. Rahul was in Kathmandu for the third time in November, 1934. That time the earthquake created a panic of huge magnitude in Kathmandu, Patan and Bhaktapur. A large number of rare texts and manuscripts of the ancient times were destroyed by the quake. This shocked Rahul a lot. Rahul also attended the Fourth World Buddhist Conference held in Kathmandu in 1956.

Mahanama, a Nepali monk, had the opportunity of being the witness of last days of Rahul on earth. Mahanama was known to Rahul in Ceylon. Mahanama took care of Rahul and also on his death from brain paralysis did perform the death ritual in accordance with the Buddhist tradition.

Rahul had written a book entitled Nepal sometime in 1953, but it was not published. The disappearance of this manuscript is attributed to his sharp comments on the Rana rule. The manuscript was read by Commander-in Chief Padma Shumshere and Pandit Hemaraj. They advised Rahul to soften the words about the Ranas. K.P. Jayaswal, an Indologist, was a friend of Rahul. Jayaswal wanted to come to enable for the historical research. Under the Rana administration, he had to seek permission of the government for visiting Nepal. Rahul met Pandit Hemraj and secured permission for the government. Besides Hemraj, Rahul had made many friends in Nepal. Chittadhar Hridaya, Dharma Ratna, Yami, Dharmaman Shahu, Bhikshu Dhammaloka, etc, were some of them.

❖❖❖

# आऊ ! बुद्ध ब्रम्ह आऊ !

✍ तेजेश्वरबाबु ग्वंग

(गताङ्कको बाँकी)

अचेल म चैत्य वरपर घुमेर बुद्धलाई वन्दना गर्ने गर्दछु । तर, बुद्ध कहाँ चैत्यकै परिवेश पुरक चेतना बन्छ । चैत्य त चेतना जगाउन प्रेरणा दिने एउटा प्रेरक साज स्थापत्य मात्र । चैत्य त स्थापत्य कला-संस्कृतिका संवाहक मर्मज्ञ चेतनाका एक अभिव्यक्ति मात्र । बुद्ध कहाँ एउटै मर्मस्पर्शी स्थापत्य-कलामा सम्मिलित रहन सक्छ । बुद्धलाई कुनै स्तम्भ र स्थापत्य शैलीमा ढाल्न खोज्दा म आफै बेढंगसित ढलेको अनुभूतिले मलाई त्राहिमाम पारेको छ ।

चेतना स्मारिका हो । न त स्मारिका नै चेतनाको विम्व बन्न सक्छ -स्थूल रुपमा । स्मारिका चेतना-विम्व बन्न सक्छ केवल भावनात्मक आलोकमा । भावनात्मक आलोक यस मनुष्य लोकको प्रतीकात्मक चेतना बोध हो । त्यसैले चैत्य बुद्ध चेतनाको प्रतीक बन्यो । अनि बन्यो चेतनामय बौद्ध चैत्य चैतन्य जगतको कलात्मक अभिज्यञ्जना शैली । त्यसैले चैत्य बौद्ध शील बन्दना आराधना र अनुशीलन तीर्थस्थल । किन्तु, म भने चैत्यलाई तुलुतुलु एकांकी हेर्दै बौद्ध-चेतनादेखि अनकन्तार टाढा टाढा परी रहेछु । बुद्ध-चेतना जसभित्र अहिंसा मन्त्रहरु गुञ्जिरहेको हुन्छ, मेरो, हाम्रो कानमा कानेगुजीले प्रवेश गराउन्न । कानेगुजी परेर हाम्रो श्रवण-चेतना चकनाचुर भएछ ।

चेतना-ब्रम्ह-पुञ्ज मानिसकै मस्तिष्क आकारमा स्वयम्भू गुम्वज पनि त एक विम्व नै रहेछ । स्वयम्भू एउटा प्रकृति । प्रकृति स्वनिर्मित सत्य-शाश्वत स्वभाव । त्यहाँ कृत्रिमताको लेश छैन । स्वयम्भू त्यसैले चेतन-ब्रम्ह-पुञ्जकै प्रतीक । म भने बुझेर पनि बुझ पचाउने होलिका भस्म समान बनेछु । आऊ, कोही दिब्ध चेतना भए उद्धार गरी दिन अघि सबै आऊ । मलाई चेतना ब्रम्ह-पुञ्जकै स्वयम्भू बुद्ध चाहिएको छ ।

बारम्बार अभिवादन गर्दछु म चेतना बुद्धका बुद्धत्वका लागि । चेतन-ब्रम्ह-बुद्धकै आँखा चाहिएको छ । मलाई स्वयम् खुलेका दृष्टिकोणहरु भरेका । म भने यहाँ चर्म-चक्षुमा लोलाएर दीव्य चक्षु चिम्लिरहछु । स्वयम् चर्म चक्षुका अभ्यस्त मेरो म अन्तर चक्षु खोल्न बिर्सिरहेछु । हामीलाई यतिखेर ब्रम्ह-दृष्टि चाहिएको छ । ब्रम्ह-दृष्टि नै चाहिएको छ यसबेला जसमा दृष्टि-ब्रम्ह दिगन्त सर्भेक्षण गर्न सकोस् । आऊ, बुद्धका आँखाहरु ! आओ यहाँ स्वयम्भू स्तुप देखि काठमाडौं उपत्यका सम्म आऊ ! आऊ, बुद्ध चक्षुहरु आओ, आऊ यहाँहरुका नानी एकफेरा नियाल्दै आऊ ! आँखा विनाका दृष्टिहरु र दृष्टि बिनाका आँखाहरु एकछिन आपसमा छामछाम छुमछुम गर्न आऊ । सके बुद्ध तिमीले एक पटक आफ्ना आँखाहरु बाँडी देऊ, सबैलाई काठमाडौं उपत्यका बासीलाई, मेची-महाकालीका सार्वभौम आँखा दिनुपर्नेहरुलाई एशिया, महाद्विपलाई, युरोप महाद्विपलाई अमेरिका महाद्विपहरुलाई अफ्रिका महाद्विपलाई दुवै ध्रुवीय महादेशलाई आखिर बुद्ध भन्नु पनि त आँखै आँखाको आलोक न हो ! मलाई आलोकित बुद्ध चाहिन्छ । मलाई बुद्धको आलोक चाहिन्छ । चाहिन्छ मलाई आलोकित बुद्धका आलोकमय आँखा !

बुद्ध चाहनाको यो बेला चील र गिद्धहरुले मलाई थुङ्गी रहेछ, संसारलाई उस्तै अनि । बुद्धको संदेशलाई

गिद्धहरुले संवाहन गरी रहेछ । कहाँ बुद्ध, कहाँ गिद्ध बुद्ध सुमसुम्याउने हतकेला । गिद्ध लुछाचुँडी गर्ने थुझ्ाई । गिद्ध र चीलहरुले थुड्दा थुड्दै छिया छिया परेका विछ्तै देहहरु विक्षिप्त छन् । बुद्ध तिम्रा अमाद आचार संदेश गिद्धहरु बुझ्दैनन् । बुद्ध तिम्रा चिवर रंगको अर्थ उनीहरुलाई आउदैन । रंगका भाषा शाश्वत हुन्छन् भन्छन् रंग बोल्न थालेपछि शब्दले बोल्न लगाई रहनु परोस । शब्द भन्दा रंगका बोली व्यापक बन्छ । तर, गिद्धका आँखा रंगका भाका पढ्दैनन् । कस्तै रंगमा परिणति पाइसकेका होउन । गिद्ध त सिनो नै चहारी हिड्छन् । हो गिद्धका आँखा चनाखो हुन्छन् र योजनौं योजनाको दूरी भइसक्छन् । परन्तु, बुद्ध । उनका चनाखो आँखाहरु चल्ला र सिनो चहार्नमै मात्र प्रयुक्त छन् ।

गिद्ध दृष्टि युक्त युगमा म बुद्ध ! तिमीलाई बन्दना गरी रहेछु । बुद्ध एक पटक तिमी स्वयम् सिद्ध हुन आऊ । यस गिद्ध लोकमा अब ! बुद्ध ! तिमी आऊ शान्त्वको अभिशेक भन्दा स्वस्थ आचरणको हतकेला उचालेर आऊ, आऊ बुद्ध, आऊ यहाँ तृष्णालाई दहन गर्न आऊ ! म संग संत्रस्त छु । असंख्य म जस्ता महरु पनि संत्रस्त छन् बुद्ध आऊ बुद्ध । संत्रास युक्त गिद्ध परिवेशबाट उन्मुक्त गराउन म हरु आओ ! अहिले यसकै लागि बुद्ध शरणम् चाहिएको छ । यसकै निमित्त संघं शरणम् चाहिएको छ । यसकै लागि अनि चाहिएको छ । धम्मं शरणम्, बुद्ध ! बुद्ध ब्रम्ह माथि गिद्ध दृष्टि सेलाउनु छ ।

बुद्ध ! तिम्रा भीक्षापात्रमा अनाशक्त थियो । अनाशक्त भीक्षामात्र तिम्रो त्यसैले चुहिएको थिएन । तिम्रो भीक्षापात्रमा पात्रत थियो । पात्रता स्वयम् बुद्ध थियो- स्वयम्भू । तर, बुद्ध ! अचेल मरी यहाँका भीक्षापात्रहरु प्रायस: चुहिएका छन् । चुहिएर भीक्षापात्र अनाशक्त सबै भन्दा पहिले पात्रबाट चुहिए छ । अनाशक्त चुहिँदै टप्कदै जाँदा हे बुद्ध ! अब भीक्षापात्र भरी आशक्तिपन टनाटन भरिभएको आभाष भई रहेछ । त्यसैल अनाशक्त बुद्ध आऊ ! यी आशक्त पात्रहरु पात्रताले टम्म टालिदेउ अनाशक्त ब्रम्हले । बुद्ध ! मलाई पनि अनाशक्त बनाई देऊ ! म आशक्तिपनबाट हैरान हैरान छु मेरा अनन्त महरुलाई मेरा बुद्ध भावनाहरुले नुहाई दिन आऊ ! त्यसैले आशक्तिपनले झुर्मुराएको यो गृष्मलाई अनाशक्त जीवन दायिनी वर्षा वनी धोइ दिन आऊ । पखाली दिन आऊ ।

सूर्यविनायक मार्ग, भक्तपुर

❖❖❖


# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरुमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email: arhattraimasik@gmail.com

## ब्रिटेनका एक बौद्ध विद्वान

# ई.जे. थोमस

✍ रत्नसुन्दर शाक्य



१९ औं शताब्दीको उत्तरार्द्धमा यूरोपमा प्रादुर्भाव भएका केही विशिष्ट बौद्ध विद्वानहरुमध्ये इङ्गलैण्डका ई.जे. थोमस (Edward Joseph Thomas) पनि एक हुनुहुन्छ ।

उहाँको जन्म ३० जुलाई १८६९ का दिन एक मालीको पुत्रको रुपमा भएको थियो । उहाँका पिता इङ्गलैण्डको योर्कशायर (Yorkshire) मा रहेको एक चर्चको पादरी श्रद्धेय जे.आई. ब्रुक्स (RcV-J.I. Brookes) को आश्रयमा रहँदै आएको थियो ।

ई.जे. थोमसले १४ वर्षको उमेरदेखि स्कूल छोडी मालीको कार्यमा लाग्नुभएको थियो । यस कार्यमा उहाँले १२ वर्ष विताउनु भएको थियो । उहाँले बगैंचामा रहेका अनेकौं किसिमका फूलहरुलाई अति नै प्रसन्नताका साथ स्याहार-सुसार गर्नुहुन्थ्यो । उनी मालीको कार्यको अतिरिक्त अन्य कार्यहरुमा पनि व्यस्त हुनुहुन्थ्यो ।

सन् १८९४ मा उहाँ क्यूं (Kew) नामक स्थानमा पनि एक वर्ष विद्यार्थीहरुलाई मालीको प्रशिक्षण कार्य दिन जानुभएको थियो । ई.जे. थोमसले मैट्रिक परीक्षा यसैताका पहिलो श्रेणीमै उत्तीर्ण हुनुभएको थियो । मैट्रिकमा उहाँले लिनु भएको मूल विषय थियो -वनस्पति शास्त्र (Botany), यान्त्रिक शास्त्र (Machanic) र गणित शास्त्र (Mathematic) । यस्तै भाषामा लाटिन् ग्रीक र अंग्रेजी लिनुभएको थियो ।

सन् १८९६ मा ई.जे. थोमसले लन्दनमा रहेको सेन्ट एण्ड्रुज विश्वविद्यालय (University of st. Andrews) मा प्रवेश गर्नुभयो । पछि यसै विश्वविद्यालयबाट उहाँले 'डी. लिट' गर्नुभएको थियो । सन् १९०१ भित्रमा उहाँले ग्रीक एवं रोमन साहित्यमा एम.ए. गर्नुभएको थियो । यस्तै सन् १९०३ मा ई.जे. थोमसले इमानुयल कलेज (Emmanuel College) मा एक सफेल विद्यार्थीको रुपमा प्रवेश गर्नुभयो । सन् १९०५ मा उहाँले केम्ब्रिज विश्वविद्यालयको अन्तिम उपाधि परीक्षा (Classical Tripes Part II) पनि भाषा विज्ञान (Philology) मूल विषय लिई उत्तीर्ण हुनु भएको थियो ।

यसै अन्तर्गत उहाँले सँस्कृत र पाली भाषाको गहन अध्ययन गर्नुभएको थियो । सँस्कृत र पाली भाषामा रहेका बौद्ध धर्मका अल्याख ग्रन्थहरुको अध्ययन-मनन गर्नुभएको थियो । यसै विषयमा उहाँले निकै व्याख्यान पनि दिंदै आउनु भएको थियो ।

सन् १९०९ मा ई.जे. थोमस केम्ब्रिज विश्वविद्यालयका सह-पुस्तकालयाध्यक्ष (Under–Librarian) नियुक्त हुनु भएको थियो । यस पदमा उहाँ लामो समयसम्म रहनुभयो । उहाँ पुस्तकालयमा विशेषत: बाहिरका किताबहरु (Foreign Books) को प्रवन्धकको रुपमा रहनुभएको थियो । यसकारण उहाँको योग्यता एवं विद्वता अदभूत रुपमा हर क्षेत्रमा प्रगाढ हुँदै आएको थियो । उहाँ यति दक्ष हुनुहुन्थ्यो कि उहाँले जुनसुकै अस्पष्ट कृतिको रुपमा रहेका पुस्तकको पहिचान उहाँ सजिलै गर्न सक्नुहुन्थ्यो ।

उहाँले आफ्नो जीवनको पछिलो भाग केम्ब्रिज विश्वविद्यालयको प्राच्य भाषा विभागको पुस्तकालयको अध्यक्षको रुपमा विताउनु भएको थियो जुन पदमा रही उहाँले सन् १९४० मा अवकाश प्राप्त गर्नुभयो तर उहाँलाई उहाँको दक्षताको स्मरण गरी प्राच्य विभागको पुस्तकालयमा पुन: केही वर्ष सोही पदमा रहिरहन आग्रह गरियो । जसअनुसार उहाँ पुन: एकदशकसम्म अर्थात सन् १९५० सम्म सो पदमा रहनुभयो ।

यस प्रकार २० औं शताब्दीको पहिलो दशकमा आफ्नो अध्ययन पूर्ण गरी केम्ब्रिज विश्वविद्यालयका विभिन्न विभागका पुस्तकालयको प्रमुख भई पूरा ४ दशक बिताउनुभएका इङ्गलैण्डका एक विशिष्ट बौद्ध विद्वानको रुपमा ई.जे. थोमसले आफ्नो विस्तृत एवं गहन अध्ययनको प्रतिफलस्वरुप कयौं प्रामाणिक एवं वजनदार कृतिहरु पनि लेख्नु भएको थियो । उहाँका ती कृतिहरुमा Plautus's Anlularia (1923), Danish Convershtion Grammar (1926), The Life of Buddha as Legend and History (1927), The History of Buddhist Thought (1933) को साथै The History of Indian Philosophy, Early Buddhist Scriptures, The Road to Nirvana, The Quest of Enlightenment, Ratana Sutta आदिको रुपमा पालो एवं सँस्कृत बौद्ध ग्रन्थका मूल पुस्तकहरुको पनि अनुवाद उहाँबाट प्रस्तुत गरिएको थियो । जुन कृतिहरु यूरोपमा मात्र होइन यूरोप बाहिरपनि त्यति नै प्रसिद्धि रहेको थियो ।

पाली साहित्यका दिग्गज रहनु भएका ई.जे. थोमसले पाली साहित्यका मूल स्थानको रुपमा श्रीलंका देशलाई स्वीकार गर्नुभएको छ । अत: श्रीलंका देशप्रति उहाँको विशेष श्रद्धाका साथ स्मरण गरिएको हामी पाउँछौं । उहाँले आफ्नो मृत्युपश्चात् आफ्नो निजी पुस्तकालयका सम्पूर्ण कृति श्रीलंकाको पेरेदेनिया विश्वविद्यालयलाई समर्पित गर्ने मृत्यु लेख गराइ राख्नुभएको थियो ।

उहाँले बौद्ध शिक्षाको सही निष्कर्षको बारेमा एक ठाउँमा उल्लेख गरिराख्नुभएको छ -

"The Real greatness of Buddhist morality is in the truly ethical character of its teaching." (The History of Buddhist Thought)

अर्थात् 'बौद्ध शिक्षाको साँच्चिकै महानता भनेको बस्तुत: यस शिक्षामा आउने आचार सम्बन्धी (नीतिगत) कुरांलाई जोड दिनु हो ।'

सन् १९५२ मा ई.जे. थोमसका अन्तिम कृति जुन एक बौद्ध ग्रन्थको अनुवाद कृति थियो, प्रकाशित भएको थियो । जीवनको अन्त उहाँले सन् १९५५ मा ८६ वर्षको उमेरमा गर्नुभयो ।

उहाँले आफ्नो दीर्घ जीवनकालमा यद्यपि उहाँको धर्मपत्नीको निधन सन् १९२० मा भइसकेको थियो । उहाँले पुनर्विवाह गर्नु भएन । उहाँको कुनै सन्तान पनि थिएन । उहाँलाई पूर्व र पश्चिमका कयौं विशेषत: पाली साहित्यका बौद्ध विद्वानहरुले अति श्रद्धाका साथ धर्मका अभिभावकको रुपमा स्वीकार गरिराखेको पाइन्छ । यस्तै उहाँको सान्नियतामा रही बौद्ध साहित्यमा कार्यशील (शोधखोज गर्ने) विद्यार्थीहरुलाई उहाँले फूललाई जस्तै नै स्याहार-सुसार गरेर जीवन वितांएको कुरा हामीले विर्सन सकिंदैन ।

❖❖❖

# साांख्य दर्शनदेखि बौद्ध दर्शनसम्म–१

✍ प्रधान

इ.शा भन्दा ७०० र २०० वर्ष अगाडि लोकायत, सांख्य, न्याय वैशेषिक, योग, मीमांसा, वेदान्त, जैन र बौद्ध दर्शनको प्रादुभार्व भयो । ती दर्शनहरु सयौं वर्ष अगाडिदेखि बनेका अस्पष्ट धारणहरुको स्पष्ट अभिव्यक्तिहरु मात्रै थियो ।

लोकायतका प्रवर्तक वृहस्पति थिए र सांख्य दर्शनका प्रवर्तक कपिल मूनि थिए । न्याय दर्शनको प्रवर्तक गौतम थिए र वैशेषिक दर्शनका प्रवर्तक कणाद थिए । त्यस्तै योगको पतञ्जली भीमांसाको जैमिनि, वेदान्तको वादरायण, जैन दर्शनका प्रर्वतक महावीर वर्धमान र बौद्ध धर्मका प्रवर्तक बुद्ध थिए ।

इ.पू. १५० को पतञ्जली अनुसार परलोकलाई 'ह' अर्थात 'अस्ति' भनी मान्नेहरुलाई 'आष्तिक' र परलोक भन्ने कुरा छैन अर्थात 'नास्ति' भनी मान्नेहरुलाई नास्तिक भनियो ।

ब्राम्हणवादको रीति-रिवाज नमान्नेहरुलाई ठूल ठूला यातना दिइन्थ्यो अर्थात त्यस बेलाको वर्गीय हैकम चालु राख्न पशुबललाई प्रयोगमा ल्याइन्थ्यो ।

कृषि सिंचाइ, निर्माण, वास्तुकला आदिको विकासले गणित, ज्योतिष शास्त्र, रसायन शास्त्र जस्ता भौतिक विज्ञानको विकास भयो । यसरी पुरानपन्थी, ब्राम्हणवादी, आश्चर्यवाद (मथास्थितिवादी) संग भौतिकवादको शास्त्रार्थ शुरु भयो ।

इशापूर्व ४०० शताब्दीतिर मौर्य सम्राटहरुको समयमा भौतिकवादी सिद्धान्तले प्रभाव फैलायो र कौटिल्यको अर्थशास्त्रमा सांख्य, योग र लोकायत जस्ता भौतिकवादी दर्शनहरुको अस्तित्वलाई स्वीकार गरियो र राजाहरुलाई ती दर्शनहरुमा भएको भौतिक प्रणालीहरुलाई अध्यापन गर्न सल्लाह दिइयो ।

राज्यहरुको माझमा हुने युद्धहरु, दास र मालिकहरुको बीचमा हुने वर्ग सङ्घर्ष, अनि काल, वाढी, आदि प्राकृतिक प्रकोप जस्ता जटीलताहरुबाट वाक्क-दिक भएर जीवनबाट सन्यास र जीवनबाट भाग्ने चिन्ता प्रवृतिको विकास भयो ।

भौतिक वास्तुलाई पहिलो स्थान दिने दृष्टिकोणलाई भौतिकवादी र आत्मालाई पहिलो स्थान दिने दृष्टिकोणलाई आर्दशवादी भनियो । आदर्शवादीहरु चेतना वा ज्ञानको सिद्धान्तले नै वस्तुको उत्पति भयो भन्ने कुरा मान्छन् ।

***चार्वाक दर्शन-लोकायत***

इशापूर्व आठौं र छैठौ शताब्दीको मध्यमा भौतिकवादी दार्शनिक र भौतिकवादी विचारहरु फैलियो । त्यसैबाट चार्वाक अथवा लोकायत दर्शनको उदय भयो ।

'चारु' को अर्थ 'सुन्दर' अथवा ' आकर्षक' हो र 'वाक' को अर्थ 'शब्द' हो । यसरी 'चार्वाक' को अर्थ 'सुन्दर वा आकर्षक शब्द' वा दर्शन हो ।

ऋग्वेदकै समयमा वृहस्पति नामका ऋषिले भौतिकवादको प्रचार गरेका थिए । चावरवाक दर्शन एक प्रगतिशिल र आशावादी दर्शन हो ।

***सांख्य प्रणाली***

सांख्य दर्शनको प्रणेता पौराणिक ऋषि कपिललाई मानिन्छ । उनी इशापूर्व सातौं र छैठौं शताव्दीको मध्यमा पूर्वका मानिन्छ । कपिल ऋषि कै नामबाट नेपालको

कपिलबस्तु नगरको नाम भएको मानिन्छ । भनिन्छ - बुद्ध पनि सांख्य दर्शनबाट प्रभावित थिए । सांख्य दर्शनमा प्रणेता कपिलले भारतीय दशनको इतिहासमा सान्है महत्वपूर्ण र क्रान्तिकारी भूमिका खेलेका थिए ।

जनजातिको आदिमा साम्यवादी व्यवस्थामा - हास भइसकेको थियो र वर्ग एवं वर्णको व्यवस्था मान्ने आर्य सभ्यता विकास भई रहेको थियो । राज्य सत्ता स्थापना भई सकेको थियो र त्यसले विकासोन्मुम अर्थतन्त्रको पृष्ठमूमिमा सांख्य दर्शनको विकास भइरहेको थियो ।

आर्यहरुको र ब्राम्हणवादको कर्मकाण्ड र द्वन्द्ववाद एवं आदर्शवादको विरोधमा सांख्य दर्शनको विरोधमा उत्थान भएको हो । सांख्य दर्शनले इश्वरलाई मान्दैन र वेदलाई पनि मान्दैनथ्यो । यसकारण यसको प्रचार ब्राम्हणवादको प्रभाव नभएको भारतीय इलाकाहरुमा मात्रै बढी थियो ।

सांख्य दर्शन तर्क र सही चिन्तनमा आधारित थियो । संसार कसरी उत्पति भयो, मानिस के हो र त्यसको भविष्य के हो भन्ने जस्ता प्रभावहरुको बुद्धिमत्तापूर्ण उत्तर दिने सबभन्दा पुरानो प्रमाणको रुपमा सांख्य दर्शनलाई लिइन्छ ।

सांख्य दर्शन अनुसार ब्रम्हाण्डको उत्पति बस्तुबाट भयो, प्रकृतिको विकास प्रतिक्रियामा छ, जीवन र शक्ति, विचार र चेतना बस्तुकै उपज हो ।

सांख्य दर्शनले मोक्ष र कर्मकाण्डलाई अन्धविश्वास र हिंसामा आधारित अपवित्र वस्तु भनेर अश्वीकार गर्छ । सांख्य प्रणाली सत्यकार्यमा आधारित छ र कुनै पनि बस्तुको उत्पतिको अस्तित्वलाई मान्दछ । सांख्य दर्शन अनुसार संसारलाई सृष्टि गर्न कुनै सृष्टिकर्ताको आवश्यकता छैन । संसारको उत्पतिमा आत्माको कुनै योग छैन । आत्मा शरीर भन्दा कुनै अलग बस्तु होइन । इश्वरलाई प्रमाणित गर्न सकिन्न । यसकारण सांख्य दर्शन भौतिकवादी हो ।

(आदर्शवाद- समस्त वस्तुगत यथार्थ र त्यससंग सम्बन्धित ज्ञान हो जो चेतनामा निर्भर छ सबै वस्तुसंग स्वतन्त्र छ ।)

भौतिकवाद- 'वस्तुगत जगतलाई यथार्थ मान्छ, साथै त्यसलाई मस्तिष्क र चेतनाबाट स्वतन्त्र मान्छ ।'

सांख्य दार्शनिकहरु 'वेद र उपनिषदरुलाई इश्वरको रचना होइना बरु मनुको रचना मान्छन् ।'

दर्शनलाई भाग्य, अलौकिकता र इश्वरको धारणाको दासताबाट मुक्त गर्नु नै कपिलको महानता हो । उनले प्राचीनलाका सबै बाधाहरुलाई नाघेर दर्शनलाई तर्कसंगत भौतिकवादी आधारमा विकसित गर्ने गौरव प्राप्त छ ।

कपिलको दर्शनको विश्व इतिहासमा पहिलो पटक मानव मस्तिष्कको पूर्ण स्वतन्त्रता प्रकट गरे तथा आफ्नै शक्तिमाथि विश्वास प्रकट गरे । तर सांख्य दर्शनलाई भयमुक्त गर्ने प्रयास पनि नभएको होइन ।

क्रमशः....

❖❖❖

# कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।

२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।

३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।

४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।

५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई भ्हूटो प्रशंसामा नलाग्नु ।

६) अरुको सेवा (परोपकार) गर्नु ।

७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।

८) सारयुक्त कुराहरुमा मात्र चिन्तन-मनन गर्नु ।

९) सत्य, यथार्थको खोजमा लाग्नु ।

१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*

# जीवनको प्रत्येक घडीको द्वन्द्व (संघर्ष) मा बुद्धवाद !

✍ डि.आर.शाक्य 'ऋषि'

जीवन एक संघर्ष अर्थात द्वन्द्व हो । 'Life is struggle' यसैबाट नै संसार परिवर्तन हुन्छ । त्यसैले मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दशर्नले पनि द्वन्द्वबाट नै संसारको यावत कुराहरु परिवर्तन हुन्छ भनेर देखाइएको छ । वास्तवमा मानिसको जीवनको प्रत्येक मुटुको धड्कन पनि जीवन संघर्ष हो । संसारमा कुनै पनि जीव-प्राणीहरुको जीवन संघर्ष (द्वन्द्व) बिना बाँच्न सक्दैन । तर यो संघर्ष (द्वन्द्व) तोप, बारुद, पड्काएर होइन, खुकुरी तलबार चलाएर होइन । जीवनको हरेक क्षण-क्षण वा पलपलमा जीवनमा परिवर्तन हुने कुरा नै जीवन संघर्ष (द्वन्द्व) हो । यसलाई भौतिकवादी दृष्टिले हेर्ने वा आध्यात्मिकवादी दृष्टिले हेर्ने कुरा आ-आफ्नै ठाउँमा छ । मानिस आफ्नो आमाको गर्भबाट बाहिर निस्केर धर्तिमा पाइला टेक्ने वित्तिकै उसको जीवनको प्रत्येक घडीको यात्रामा जीवन संघर्ष पनि छायाँ जस्तै सँग सँगै आउँछ । त्यस्तै एउटा दार्शनिकको भनाई छ - 'मानिस स्वतन्त्र रुपले जन्मिन्छ, तर उसलाई चारैतिरबाट सिक्रीले बेरिएको हुन्छ ।' ( Man is burn free but he gets chain in all) हो । मानिस जतिसुकै स्वतन्त्र रुपले जन्म भए तापनि जीवनमा अनेकौं संघर्षका सिक्रीहरुले बेरिन्छ तर मानिसले त्यो चालै पाउँदैन । यी नै जीवन संघर्ष हाम्रो जीवन चक्र (Life Cycle) बनेको छ । जसबाट मानिस बाल्य, युवा र वृद्ध भई मृत्यू हुन्छ । यसलाई जन्म र मृत्यूको चक्र पनि भन्न सक्छौं । बुद्धबादको एउटा संक्षिप्त भनाई अनुसार यसलाई भवचक्र अर्थात् प्रतित्यसमुत्पाद पनि भन्न सकिन्छ । यो भवचक्र मानिसको कर्मको कारणबाट नै निर्माण हुन्छ । मानिसको आफ्नो कर्म तीन प्रकारले गरिन्छ । १) शरिरबाट २) वचनबाट र ३) मनबाट कर्म गरिन्छ । त्यो कर्म कुसल (राम्रो) कर्म पनि हुन सक्छ वा अकुसल कर्म (नराम्रो) पनि हुन सक्छ । मानिसको जीवनमा हुने कर्म अर्थात जीवन संघर्ष कुसल भएको छ भने त्यस्तै प्रकारको संस्कार बनेर छोटो जीवन संघर्ष मात्र गरे पुग्छ अर्थात् छोटो भवचक्रमा मात्र पर्न जान्छ । अन्तमा जीवन मुक्त भएर नै जान्छ वा निर्वाण गति पुग्छ (अहर्त) ।

मानिसको जीवन संसारका सम्पूर्ण जीव-प्राणीहरुमध्ये सर्वश्रेष्ठ; चेतनशील, विवेकशील र सभ्य सामाजिक प्राणी मानिन्छ । बुद्धवादले पनि यी नै कुरालाई मान्यता दिएको छ । यस्तो प्राणीहरुले किन जानि नज़ानि जीवनमा घोर दुष्कर्म पनि गरिन्छ ? घोर पाप कर्म (संघर्ष) गर्न पुग्छ ? आखिर जानेर गरिएको वा नजानेर गरेको कर्मको संस्कार अवश्य नै बन्छ । यो विश्वजगतमा जतिपनि मानिसहरु बाँचेर जीवन प्रवाह (जीवन संघर्ष)

भइरहेको छ । यी सबै कर्ममा नै निर्भर हुन्छ नै । कति मानिसहरु यो संसारको अनिकालग्रस्त, भोकमरी भएको ठाउँमा जन्म लिएर नर्क तुल्य (दुखि जीवन) जीवन ब्यतित गर्न बाध्य भएका पनि छन् । कति मानिस यी नै संसारमा जन्म लिएर देव तुल्य स्वर्गसरी (सुखि आनन्द जीवन) जीवन बिताएर बस्ने पनि त्यतिकै छन् । आखिर किन असमान भयो ? कसैलाई सुखै सुख: भए कसैलाई दु:खै दु:ख किन भयो ? बुद्धवाद अनुसार यो पनि एउटा कर्म कै कारण भएता पनि हाम्रो कतिपय धर्म ग्रन्थहरुमा धर्म ग्रन्थका पात्रहरु (इश्वरहरु) बाट नै त्यस्तो उद्गार पनि सुन्न पाइन्छ । यो जगतमा राम्रो नराम्रो गर्ने सबै मै हुँ । मेरो शरणमा आऊ । मेरो गुणगान गाऊ । पापबाट मुक्त हुन्छ, यो पनि संसारमा एक प्रकारको धर्म हो । के भनूँ । आखिर अमेरिका जस्तो शक्तिशाली साम्राज्यवादी देशले पनि कुनै राष्ट्र माथि शरण वा हमला गरेको कारण पनि सायद ती राष्ट्रहरु पापी भएको वा आफ्नो गुणगान नगरेकोले हो ? आज संसारमा अमेरिकाले किन अशान्तिका रासलीला गर्दै छ ? यो पनि अपरम्पार छ । ईश्वरको लीला जे जस्तो भएता पनि औंलाले देखाउनु पनि पाप लाग्छ रे । त्यस्तै अमेरिकालाई पनि औंला तेर्स्याउंदा पाप लाग्छ नै होला ।

यस्तै प्रकारले संसारका कति मानिसहरु धर्मको पनि त्यतिकै दुष्कर्म गरिन्छ । मानिसले मानिस माथि शोषण, अन्याय, अत्याचार गरेर पनि धर्म मानिन्छ । के यस्तो धर्म, धर्म हो र ? वास्तवमा यस्तो कर्म गरेर धर्मको नाम दिंदा कर्म अवमूल्यन भएर जान्छ । वास्तवमा धर्म त्यसरी होइन । धर्म प्राणीहरुको हित र कल्याणको लागि गरिन्छ । आजभन्दा २६०० वर्ष पहिले सिद्धार्थले बुद्धत्व प्राप्त हुन केही समय अगाडि पनि वातावरण त्यस्तै प्रकारको थियो । यीनै एउटा कारण हो । जुन कारणले यहाँ बुद्ध हुनु भयो । बुद्ध प्रादुर्भाव भएपछि सर्वसाधारण मानिसको जीवन प्रवाह (जीवन संघर्ष) मा नयाँ तरङ्ग ल्याइदियो । आखिर मानिस जन्मले उँच, नीच र पापी हुने होइन । मानिसको आफ्नो कर्मको कारणबाट नै पापी, उँच, नीच हुने हो । यी नै कर्म पनि मासिनको जीवन संघर्ष हो । जुन जीवन संघर्ष गर्दा मानिसमा राग, द्वेष उत्पन्न हुन्छ अर्थात् मोह । तृष्णा, अहंकार, घमण्ड र अभिमान मनमा उत्पन्न हुन्छ र त्यही अनुसार नराम्रो कर्म गरिन्छ भने त्यो पापी हो । त्यो नीच हो । त्यसको जीवन संघर्ष पनि नीचै हुन जानेछ । त्यस्तै कसैको कर्म कुसल छ, राग, द्वेष मनमा रतिभर पनि छैन भन्ने त्यो व्यक्ति धर्मात्मा नै हो वा उँच जातिकै हो भनेर मान्नु पर्छ । त्यसको जीवन सुखमय हुनेछ ।

बुद्धवादमा भनिएको छ - मानिसहरुमा म र मेरो भन्ने भावना (सत्काय दृष्टि) ले अविद्या हुन्छ । जसले दु:ख मुक्तिको उपाय बुझ्दैन । दु:ख के हो ? दु:ख समूदय के हो ? भन्नेकुरा बुझ्दैन । त्यस्तो व्यक्ति जस्तो सुकै पण्डित, विद्वान, शिक्षित भनिएता पनि त्यो अविद्या नै हो । त्यस्तो व्यक्तिहरुको मनमा जाति, धन, गोत्र, शिक्षा, रुप, बल, शक्ति आदिको अभिमान हुन्छ । त्यस्तो प्रकारको अभिमानले मानिस पतन हुन्छ । बुद्धकालीन समयमा त्यस्ता किसिमका व्यक्तिहरु पनि विद्यमान थिए ।

पराभव सुत्र (पतन हुने कारण) को एउटा श्लोक यस्तो छ । यो श्लोक बुद्धभाषित श्लोक हो ।

जातित्थद्धो, धनस्थद्धेने, गोतत्थद्धो चे यो नरी ।
सञ्जाति अतिमञ्ञोति तं पराभवतो मुख ॥

अर्थ : जन्म अभिमानी, धन अभिमानी, गोत्र अभिमानी जो मानिस आफू आफूहरुमा नै अभिमान अनादर प्रदर्शन गर्दछ त्यो व्यक्ति पतनको कारण बन्छ । तत्कालीन बुद्धको समयमा जन्मको अभिमान जातिको अभिमान गोत्र र विद्याको अभिमान गर्नेहरुमा धेरैजसो ब्राम्हण वर्गहरु नै थिए । जातिको अभिमान गर्ने केही कपिलबस्तुका शाक्यहरु

पनि थिए । जाति र गोत्रको अभिमान गर्ने ब्राम्हणहरुमा पण्डित कहलिएका त्रिवेद पारंगत (बुद्धकालीन समयमा तीनवटा मात्र वेद थियो) भएका नाम चलेका ब्राम्हण पोक्खरसातिका शिष्य 'अम्बठ्ठ माभवक' थिए । उसमा पनि आफ्नो गुरुसंग जति शिक्षा थियो आफूमा पनि त्यतिकै थियो । त्यसबेला उक्त ब्राम्हणले वेदमा उल्लेख भएको अनुसार ३२ वटा लक्षणहरु महा-पुरुषहरुमा हुनुपर्ने भएकोले बुद्धमा सोही लक्षण गुण छ छैन वा कितिशब्द साञ्चि नै फैलिएको हो होइन भनेर परीक्षणको लागि गुरु पोक्खरसातिले शिष्य अम्बठ्ठ माभवकलाई जहाँ बुद्ध विहार गर्नु भएको ठाउँ इच्छानङ्गल वनखण्डमा पठाइयो । 'अम्बद्ध माभवक' बुद्ध भेट भए पछि बुद्धलाई आदर गौरव सत्कार गर्नुको सत्ता बुद्धलाई अनादर गरी शाक्यहरुको बेइज्जत, उपहास गरेका थिए । उक्त ब्राम्हणले विद्याको अभिमान, जातिको अभिमान प्रदर्शन गरेका थिए । पछि बुद्धले उसको अभिमान धेरै भएकोले उसको पुर्खाको इतिहास नै शाक्यहरुको दासी पुत्रबाट जन्मेको कुरा प्रमाण सहित दिए पछि उल्टो अम्बठ्ठको बेइज्जत भयो पछि बुद्धसंग क्षमा मागी फर्केर गए । उसलाई पछि गुरुले दण्ड पनि दिएका थिए । त्यस्तै किसिमका जन्म र जातको अभिमान गर्ने ब्राम्हणहरु अग्गिक भारद्वाज ब्राम्हण थियो जसले बुद्धलाई चाण्डाल भनेका थिए । त्यस्तै भारद्वाज ब्राम्हण बुद्धलाई गधा पशु भनेर जथानाम गाली गर्ने ब्राम्हण थियो । तर बुद्धले यिनीहरुलाई संतोष पूर्वक जवाफ फर्काए पछि यिनीहरुको मन परिवर्तन भएर बुद्धकै शरणमा गए । त्यस्तै एउटा घटना थियो । जुन घटना भण्डै भण्डै बुद्धको जीवनको अन्तिम समय ( बुद्ध परिनिर्वाणको ४/५ वर्ष अगाडि कपिलवस्तुका शाक्यहरुबाट आफ्नो जातिय अभिमान भएको कारणले कोसल जस्तो शक्तिशाली देशका राजा प्रसेन्नजीतले शाक्यपुत्रीलाई पनि रानी बनाउनका लागि शाक्य पुत्री एक जना माग्न आएको बेलामा शाक्यहरुले भुक्याएर दासी पुत्री (बास भखतिया) दिएर पठाइएको थियो । धेरै समयपछि उक्त दासीपुत्रीको सन्तान जवान भए पछि आफ्नै मामाघर कपिलबस्तुमा बसिरहेको बेलामा आफू (युवराज विडूदभ) दासीपुत्रको सन्तान भएको चाल पाएर कपिलबस्तुको शाक्य गणराज्यमा हमला गरिए । जुन पटक पटक हमला गर्दा ७७ हजार शाक्यहरुले ज्यान गुमाएका थिए भने युवराज विडूदभले आम शाक्यहरु हत्याको कर्म विपाक पनि तत्कालै भोग्नु पर्‍यो र युवराज विडूदभ सहित असंख्य कोसल देशका परिवारजन शैन्यहरु सहित बाढी पहिरोमा परेर मरेको थियो । वास्तवमा यो पनि जीवन संघर्ष हो । जुन जीवन संघर्ष अकुशल थियो त्यसको कर्म विपाक पनि त्यस्तै भएको थियो । यो कर्म अकुसल कार्य कर्म हो । शाक्यहरुबाट भएको अकुसल वचन कर्म हो । साथै मनो कर्म पनि हो । जन्म र जातको अभिमानबाट यसरी मानिसहरु पतन हुन्छ । त्यस्तै प्रकार बुद्धकालीन समयमा धनको अभिमान गर्नेहरु पनि त्यतिकै थियो । त्यसमध्ये एउटा कौसल राज्यका राज पुरोहित भएर बसेका श्रावस्तीका आसपासमा बस्ने तेदिय्य ब्राम्हण थियो । त्यो ब्राम्हण त्यसबेला ८७ करोड धनका मालिक भनिन्छ । तर त्यो ब्राम्हणसंग त्यतिका धनसम्पति भएता पनि कसैलाई कौडीसम्म दान दिने, सहयोग गर्ने र चन्दा दिने व्यक्ति होइन । आफू राजपुरोहित र धनाध्य हुनाको कारण उसमा घमण्ड थियो । आखिर उसले आफ्नै धनसम्पति पनि आफूले उपभोग गर्न नपाउँदै मृत्यु भई पतन भए । यो पनि कुसल कर्म होइन । यो अकुसल मनोकर्म भित्र पर्न जान्छ ।

त्यस्तै प्रकार त्यसबेला विद्याको घमण्ड गर्नेमा उर्बेलकाश्यप भन्ने परिव्राजक थियो । त्यो परिव्राजकको ५०० जना शिष्यहरु थिए । एक समयमा बुद्ध उसको घरको जमिनतला (छिंडी) मा बास बस्नु भएको थियो । त्यो ठाउँमा एउटा विषालु साँप (नाग) सधैं बेलुका तिर

एउटा प्वालबाट निस्कन्थ्यो । त्यो छिंडीमा बास बस्ने धेरै मानिसहरु त्यो सर्पको टोकाइबाट मृत्यु भएका थिए । त्यसैले त्यो परिव्राजकले बुद्धलाई त्यहाँ नबस्नको लागि पटक पटक आग्रह गरेको गऱ्यो तै पनि त्यही ठाउँमा बुद्धले सजिलैसंग रात बिताउनु भयो । साथै बुद्धले त्यो विष धारी साँप (नाग) लाई आफ्नो मैत्रीको प्रभावले आफ्नो पात्रमा राख्नुभयो । अनि त्यो परिव्राजकले भन्यो - 'तपाई महान हुनुहुन्छ, तर मनमनै भन्यो - बुद्धले जे सुकै भनिएता पनि ऊ म जति त महान छैन । धेरै पटक बुद्धको महानता देखेर पनि मनमा त्यही म जति अर्हत छैन म जति महान छैन भनेर बार बार मनलाई अकूसल गर्दै गएकोले अन्तमा बुद्धले उसको मनभित्रको कुरा बताइदिंदा त्यो परिव्राजक निन्द्राबाट विउँझयो । पछि बुद्धसंग क्षमा याचना गरी बुद्धको शरणमा गए । त्यसबेला मन, बचन र शरिरबाट अकुसल कर्म गरि पंचमहापाप गर्न पुगेका आफ्नै भाई देवदत (फुफुको छोरा) बचनले अकुसल कर्म गरि बुद्धलाई भनेछ - 'तपाईले बुद्ध त्वः छाडेर जाऊ म सम्हाल्छु बुद्धत्व पद' यो अकुसल वचन कर्म हो । बुद्धलाई गृदकूट पर्वतबाट ढुँगा खसालेर मार्न खोजेको र नालागिरी हातीलाई रक्सी पिलाएर बुद्धलाई मार्न षड्यन्त्र गरेको घटना जघन्य अपराध थियो । यो कर्म शरिरबाट भएको अकुसल कर्म हो । त्यस्तै मगधका युवराज अजात शत्रुलाई आफ्नो हातमा लिएर अजात शत्रुद्वारा आफ्नो पिता राजा विम्विसारको हत्या गरिएको पंच महापाप पनि शरिर ( काय) द्वारा गरिएको ठूलो अकूसल कर्म हो । बास्तवमा यो पनि अकूसल जीवन संघर्ष हो । बुद्धको समयमा रुपको घमण्ड गर्नेहरुमा शाक्य पुत्री जनपद कल्याणी ( नन्दा) र मगध राजा विम्विसारकी रानी खेमा महारानी थियो । यी दुई राज कन्या आफ्नो रुपको अभिमानी थिइन् । यिनीहरु आफू सुन्दरी भएको कारणले बुद्ध कहाँ कहिले पनि जान्दैनथे । किनकी बुद्ध जहिले पनि अनित्यको उपदेश सुनाउन्थे । त्यस्तो उपदेशबाट आफ्नो सुन्दरीत्वः माथि नराम्रो प्रभाव पर्छ भनेर बुद्धदेखि नै टाढा टाढा हुन्थे । यिनीहरुको त्यो अभिमान सधैं आफ्नो अधिनमा राख्न सकेनन् । आखिर एकदिन त्यस्तै संयोगमा बुद्धसंग साक्षात्कार भयो । त्यो समयमा खेमा महारानीले आफू भन्दा अति सुन्दरी कन्याले बुद्धलाई पंखा हम्काई रहेको दृष्य देखिन् । अर्को समयमा जनपद कल्याणी (नन्दा) ले पनि त्यस्तै प्रकारको अप्सरा जस्तै अति नै सुन्दरी कन्याले बुद्धलाई पंखा हम्काई रहेको दृष्यकै कारण खेमा महारानी र जनपद कल्याणी पनि आश्चर्य भईन । तिनीहरुले ती आइमाईलाई हेर्दा हेर्दै उनको मुख चाउरिंदै गएको र एकक्षणमा कपाल फुलेर बुढी भई मरेको देखिन् । तब तिनीहरु निद्राबाट बिउँझिएको जस्तो हुन थालिन र आफूपनि वृद्ध भई मृत्यु भएको अनुभव गरिन् । त्यसपछि तिनीहरु बुद्धसंग क्षमा मागेर बुद्ध धर्म र संघको शरणमा लागिंन् । त्यसमध्ये खेमा महारानी भिक्षुणी समेत भएर अहर्त मार्गफलमा समेत पुगिन् । यो पनि एउटा जीवन संघर्ष नै हो । त्यसैकारण संघर्ष पनि कुसल र अकुसल छन् । कुसल संघर्षले जीवन सुखमय हुन्छ । अकुसल संघर्षले जीवन दुखमय हुन्छ । यस्मा देवदत र अजात सत्रुले गरेको जीवन संघर्ष अकुसल जीवन संघर्ष (कर्म) भएकोले तिनीहरुको अन्त्य पनि त्यही गतिमा हुनु पुग्यो ।

यसरी मानिसको जीवनमा जतिपनि जीवन संघर्ष हुन्छ कर्म हुन्छ त्यो कर्म वा संघर्ष शरीर, वचन र मनबाट गरिने भएकोले त्यस कर्मबाट अप्रमादी पूर्वक बाँच्नको लागि वा जीवन संघर्षबाट मोक्ष प्राप्तिको लागि, भवचक्रबाट मुक्ति पाउनको लागि त्यस्तै किसिमको सत्कर्म गर्न मानिसको जीवनको संघर्षमा बुद्धवाद आवश्यक छ र यसैले सबैको जीवन सुखमय हुन्छ । कल्याण हुन्छ ।

-भवतु सब्ब मंगल-

❖❖❖



# महान कालजयी व्यक्तित्व हुयन सांग

✍ ओम धौभडेल



चीनको जियानस्थित ग्रेट वाइल्ड गुज प्यागोडमा रहेको हुयान साङ्गको प्रतिमा

नेपालको तिब्बत तथा चीनसँ ग शदियौं अघि देखि ऐतिहासिक सांस्कृतिक सम्बन्ध कायम रहेको इतिहास छ । यो भूगोल भित्र कयौं पटक प्राज्ञिक एवम सांस्कृतिक आदान प्रदानको क्रममा यो क्षेत्रको धार्मिक, सांस्कृतिक, सामाजिक लगायत थुप्रै क्षेत्रहरुको विकासमा ठूलो सघाउ पुगेको देखिन्छ । यस मध्य इशाको छैठो शताब्दीमा चीनमा जन्मी संसारकै एक नामी यात्री बन्न सफल हुयन साग कहिल्यै बिर्सन नसक्ने कालजयी हुन । उनी एक चिनिया तीर्थयात्री मात्रै पक्कै होइन । उनी तत्कालिन समयका सर्वश्रेष्ठ बौद्धधर्म शास्त्रविद् विद्वान, दार्शनिक, साहसिक यात्री, धर्म प्रचारक, विचारक एवम् यात्रा संस्मरण लेखक पनि हुन् । उनका यी थुप्रै विशेषताहरुमा यात्रा संस्मरण लेखकको रुपमा हेर्ने दृष्टिकोणको व्याख्या नेपालको लागि अति महत्वपूर्ण छ । उनको कृति यात्रा बृतान्त आजपनि उतिकै महत्वपूर्ण दस्तावेजको रुपमा लिने गर्दछ । जसलाई महाथाङ वंश कालमा पश्चिमी राज्यहरुको यात्रा बृत्तान्त नाम दिएको छ । तत्कालिन चिनियाँ सम्राट थाइचुङको अनुरोधमा हुयन सागं र उनका शिष्य पेन्चीद्धारा लिपीबद्ध गरिएको उक्त दस्तावेजमा आफुले भ्रमण गरेका ११० वटा राज्यहरु र सुनेका २८ वटा राज्यहरु गरि १३८ वटा राज्यहरुको भूगोल, अर्थ, संस्कृति, शिक्षा, रहनसहन, भाषा, देखि विशेष गरि बौद्धधर्म, विहार, विधि, शिक्षा, सम्प्रदाय, तथा बौद्ध धर्मको विकास लगायत विविध विषयहरु बारे उल्लेख गरेको छ । १२ खण्डमा विभाजित सो यात्रा बृत्तान्तमा प्रयोग भएको भाषा तथा शैली आकर्षक हुनुको साथै संक्षिप्त वर्णन भएतापनि सटिक वर्णन भएको कारण यथार्थ अनि बस्तुपरक मानिन्छ र कमैमात्र त्रुटि भेटिन्छ । हुयन सागंले वर्णन गरेका १३८ वटा राज्यहरुमध्य नेपाल पनि एक हो । विश्व प्रसिद्ध यात्रीले वर्णन गरेको नेपाल भ्रमणको वर्णन आजपनि उतिकै महत्वपुर्ण छ । उनले आफ्नो यात्रा वर्णनमा लुम्बिनी लगायत काठमाण्डौ उपत्यका अर्थात तत्कालिन नेपाल मण्डलको बारे उल्लेख गरेको छ । त्यसो त उनी भारत हुदै लुम्बिनी सम्म आएको भए तापनि काठमाण्डौ उपत्यका आए नआए बहसको विषय

बन्दै आएको छ । तापनि उनले आफ्ना यात्रा बृतान्तमा तत्कालिन नेपाल मण्डलको क्षेत्रफल ४००० लि. भएको र काठमाण्डौ उपत्यका १० वर्ग कि.मि. मा फैलिएको उल्लेख गरेको छ । जुन धेरै हदसम्म सटिक छ ।

नेपालको राजमहल अत्यन्त विशाल, सुन्दर एवम कलात्मक भएको उल्लेख गरेको छ । जुन अशुवर्माले बनाउन लगाएको कैलाशकुट दरवार वा नरेन्द्रदेवले बनाउन लगाएको भद्राधिवास दरवार मध्ये एक हुन । उनले नेपालका राजाा अंशुवर्माको मुक्त कण्ठले प्रशसा गरेको छ । लिच्छवी अनि क्षत्रिय राजा अशंवर्मा हिन्दु कुलको भएतापनि बौद्ध धर्मलवम्बी रहेको र एक विद्वान राजा रहेको उल्लेख गरेको छ । उनले लेखेको शब्दविधा नामक ग्रन्थ उच्च कोटीको रहेको जानकारी हुयन सागंको वर्णनमा परेको छ । त्यस्तै अर्का नेपाली राजा नरेन्द्र देवका गुणगान गाउने क्रममा उनीपनि बौद्ध धर्मप्रति आस्थावान रहेको तथ्य उनले बुद्ध अंकित कम्मर पेटी लगाउनेबाट पुष्टि भएको उल्लेख छ ।

तर यहाँ हुयन सांगले अशुंवर्माको समयमा देखिएको शैव र बौद्ध धर्मको समिश्रणबारे उल्लेख गरेनन् । ऐतिहासिक स्रोत अनुसार बर्षको एक पल्ट पशुपतिनाथलाई बुद्धको मुकुट पहिराई पुजा गर्ने परम्परा भै अशुंबर्मा स्वयमले बुंगमतीमा राखन लगाएको अभिलेखमा आफुलाई "भगवत्यचुपति भट्टारक पादानुगृहित" अर्थात पाशुपत सप्रंदाय मान्ने अशुंवर्मालाई बुद्धत्व प्राप्त होस्" वाक्य उत्किर्ण गर्न लगाए । यसप्रकारको शैव+बौद्ध धर्मको प्रभाव पछाडिका राजाहरुमा समेत प्रशस्त भेटिन्छ । यस मध्ये भक्तपुरको विश्व प्रसिद्ध ५५ झ्याल दरवार भित्र रहेको 'विश्वरुप' नामक भित्रेचित्रमा भुपतिन्द्र मल्लले लगाएको बुद्धको मालाको अर्को एक उदाहरण हो । जे होस, हुयन सांगले हिन्दु कुलका भएर पनि नेपालका राजाहरु बौद्ध धर्मप्रति आस्थावान रहेको आफ्नो यात्रा वर्णनमा उल्लेख छ । हुयन सांग नेपाल भ्रमण आउँ दा यहाँ नरेन्द्र देव राजा भइरहेको र अशुंवर्माको मृत्यु भैसकेको देखिन्छ । तर प्रभावशाली भएको कारण अशुंवर्माको चर्चा पछिसम्म कायम रहेको तथ्य हुयन सांगको वर्णनबाट थाहा हुन्छ । अशुंवर्मा पछि युवराज उदयदेवलाई सत्ताबाट धुवदेव विष्णुगुप्तहरुले हटाए पछि उनी तिब्बतमा राजनैतिक शरणमा पुगेको घटना देखि पछि उनै उदय देवका छोरा नरेन्द्र देव तिब्बतको सहायताले भिमार्जुनदेव र जिष्णु गुप्तहरुलाई हटाई नेपालको राजा बनेका घटना बडो सविस्तार बयान गरेका छन् ।

यहाँ को भौगोलिक अवस्थाको वर्णन गर्ने क्रममा खेती योग्य भुमि पहाडै पहाडमा रहेको र हिमाल वरपर तामा खानी रहेका उल्लेख छ । साथै यहाँ को हावापानी चिसो रहेको वर्णन छ । राजधानीको दक्षिणतर्फ आगो राख्दा धपक्क बल्ने कुण्ड रहेको उल्लेख छ । यहाँ का जनताहरु अपढ, कटुबचन बोल्ने तर कालीगढी भएको उल्लेख छ । माथि उल्लेख भए नै हुयन सांगले आफ्नो नेपाल भ्रमणको वर्णनमा नेपालमा बुद्ध धर्मबारे गहकिलो तथ्य खुलासा गरेको छ । तत्कालिन समयमा नेपाल महायान, हिनयान तथा बज्रयान मतको महत्वपुर्ण केन्द्र भएको कारण हुयन सांगको ध्यान अरु बढी आत्कृष्ट हुन पुग्यो । त्यसमध्ये पनि यहाँ द्रुत गतिमा विकास भएको महायानबाट उनी अत्यन्त प्रभावित रहेको देखिन्छ । उनी भारतको विभिन्न स्थान हुदै बुद्धको जन्मस्थल लुम्बिनीसम्म भ्रमण आउँदा बुद्धसँग सम्बन्धित कयौं ठाउहरुको वर्णन त्यहाँ गर्न पुगे । कपिलवस्तुको वर्णन गर्ने क्रममा त्यहाँ क्रकुच्छन्द बुद्ध र कनकमुनी बुद्धको जन्मस्थान, समाधि एवम स्तुपको उल्लेख गरे । कयौं स्तुप एवम भवनको लम्बाई चौडाइ समेत उल्लेख गरे । त्यस्तै उनले बुद्धको मावली एवम ससुरालीको समेत भौगोलिक दृष्टान्त दिएर उल्लेख गरेको छ । हुयन सांगले गरेको यो वर्णनलाई आधार बनाएर तत्कालिन बुटवलका मेजिष्ट्रेट खड्ग शम्शेर र प्रसिद्ध जर्मन पुरातत्व विद् फ्युहररले लुम्बिनीको उत्खनन गर्ने क्रममा कपिलबस्तुको निग्लीहवामा कनक मुनि बुद्धको अशोक स्तम्भ एवम बुद्धका समाधिस्थल भेटियो । त्यसपछि संसारले नेपालको लुम्बिनी नै विश्व शान्तिदुत बुद्धको जन्मस्थल हो भन्ने आधार बन्न पुग्यो । त्यसैले यसको श्रेय हुयनसागंलाई दिनु पर्छ । त्यतिमात्र हैन, पश्चिम नेपालको त्यो महत्वपूर्ण ठाउँमा बुद्ध र उनीसँग सम्बन्धित कयौं धरोहर माटो मुनि लुकिरहेको

आज संसारकै लागि गहकिलो सम्पदा बनेको छ । यसअघि गौतम बुद्धको मावली तथा ससुराली देवदह भनिदै आएकोमा उनै प्रसिद्ध चिनियाँ तीर्थयात्री हुयन सांगले आफ्नो यात्रा वर्णनमा उल्लेख गरेकोलाई आधार बनाएर केही समय पहिलेदेखि पुरातत्व विभाग र बेलायतको दुर्राम विश्व विद्यालय मिलि गरेको उत्खननबाट एउटा नयाँ प्रमाण फेला पर्यो । बुद्धको मावली एवम ससुराली देवदह नभई कपिलबस्तुको पण्डीतपुर भन्ने ठाउँ रहेको पुष्टि भएको छ । यसबाट एकातिर कपिलबस्तु र वरपरको ठाउँ हरुको महत्व अरु बढ्न पुगको छ भन्ने प्रसिद्ध चिनियाँ यात्री हुयन सांगको यात्रा बृत्तान्तको महत्व अरु बढेको छ ।

सन् ६०२ मा चीनको हेनान प्रान्तको छन् ह गाउँमा जन्मेका श्वेन चाङ नै आज हामीले चर्चा गरिरहेका हुयन सांग हो । १३ वर्षको उमेरमा आफ्नै भिक्षु दाजुबाट प्रभावित भएर प्रव्रज्या ग्रहण गरेका हुयन सांगले सारा चीनमा बौद्ध धर्म फैलाउने प्रतिज्ञाका साथ २६ वर्षको उमेरमा अर्थात सन ६२८ मा घरबाट निस्के र भारतीय उप महाद्वीपको भ्रमणमा लागे । तत्कालिन चिनियाँ सम्राटको आज्ञाविना नै भ्रमणमा निस्केको उनले चीनभित्र र बाहिर थुप्रै अवरोधको सामना गर्नुपर्‍यो । त्यस बाबजुद पनि उनले करिव ५० हजार लि. (१ लि.= १/२ कि.मि.) अर्थात् २५ हजार कि.मि. यात्राको क्रममा विभिन्न ११० राज्यहरुको भ्रमण गरे । चीनको उत्तरी बाटो सिल्क रोड (रेशमी मार्ग) हुदै गोवी मरुभुमिबाट केन्द्रीय एसिया पुगे । त्यहाँबाट खैबर, घाँ टी पार गरि गान्धार अफगानिस्तान पुगे । त्यहाँबाट पुश्कलवती इनुस नदी पार गरि भारतीय उपमहाद्धिपको तक्षशिला (पाकिस्तान) पुगे । जहाँ बाट पुर्वतर्फ लाग्ने क्रममा काश्मिर पंजाव हुदै जालन्धर, स्वानश्वर, गढवाल, कुमाउँ, कनौज काव्यकुञ्ज पुगे । त्यहीबाट उत्तरी भारतको अयोध्या, प्रयाग हुँदै पश्चिम नेपालको कपिलबस्तु, लुम्विनी रामग्राम लगायतका ठाउँ हरु पुगे । त्यस बीच उनी काठमाण्डौं आए नआए बहसको विषय बनेतापनि यहाँ को वर्णनबाट नेपालको इतिहास धेरै हदसम्म उजिल्याएको छ । हुयन सांगको यो भ्रमणको मूल उद्देश्य नालन्दा विश्वविद्यालयमा बौद्ध धर्म अध्ययन गर्नु थियो । जतिबेला संसारभर त्यो विश्व विद्यालयको चर्चा चलेको थियो । त्यस समय उक्त विश्व विद्यालयमा संस्कृत एवम बौद्ध धर्म बाहेक चिकित्सा, भाषा, ब्याकरण, बास्तुकला, साहित्य, कला आदि विषयहरुमा पढाई हुन्थ्यो । त्यहाँ विभिन्न विषयमा दिक्षित १५४१ जना आचार्य (विशेषज्ञ) हरुबाट पढाई हुन्थ्यो । लगभग १० हजार विद्यार्थीहरु अध्ययनरत थियो । हुयन साग नालन्दा विश्व विद्यालयमा योग शास्त्रको विशेष अध्ययनको लागि भर्ना भएका थिए । त्यहाँ उनले शिलभद्र नामक विद्धान गुरुबाट करिव ६ वर्ष शिक्षा हासिल गरे । शिलभद्र बाहेक ठाउँ-ठाउँका अन्य गुरुहरुबाट विभिन्न विषयमा ज्ञान हासिल गरे । त्यसबाहेक विनिताप्रभा, चन्द्रवर्मा, जयगुप्त, मित्रसेन, वीर्यसेन सभुति जस्ता गुरुहरुबाट विविध विषयमा ज्ञान हासिल गरे । त्यसमा शीलभद्र उनको सबैभन्दा पुजनीय गुरु ठहरिए भन्ने अर्का एक गुरु चन्द्रवर्मा त नेपाल राज्यका सामन्त ठहरिए । अंशुवर्माको समकालिन चन्द्रवर्मा गोमी एक प्रसिद्ध व्याकरणबिद् रहेको तर्क स्व. विद्धान धनवज्र बज्राचार्यको रहेको छ । जुन चन्द्रवर्मा सँग हुयन सांगले ब्याकरण विषयमा ज्ञान हासिल गरेको देखिन्छ । र त्यस समय नेपाल र भारतमा अति लोकप्रिय महायानबाट प्रभावित भएर उनले थुप्रै बौद्ध साहित्यको अनुवाद एवम रचना गरे । अन्य वादसँग शास्त्रार्थ मुकावला गरि सर्वश्रेष्ठ ठहरिए । उनले भारतमा मात्र नभई चीन, जापान, कोरिया लगायतको ठाउँ हरुमा महायान मत फस्टाउन महत्वपूर्ण योगदान गरे । १७ वर्षपछि सन् ६३५ तीर चीन पुग्दा आफुले ल्याएका करिव ६५७ वटा बौद्ध ग्रन्थ तथा अन्य वाङमयका कृति चिनियाँ भाषामा अनुवाद गरे । जसमा एक शब्दविधा नामक अशुंवर्माको रचना कृति पनि थियो । जसले चिनिया साहित्य अरु बढी सम्पन्न हुन पुगे । अनुवाद बाहेक उनले लेखेका यात्रा बृत्तान्तले हुयन सांग कहिल्यै नमर्ने एक अमर अजर कालजयी व्यक्तित्व बन्न पुगेको छ । जसलाई नेपालले सदैव सम्झी रहनेछ ।

❖❖❖



१५ नवम्बर १९५६ काठमाडौ नेपाल । चतुर्थ विश्व बौद्ध सम्मेलनको समुद्घाटनको अवसरमा शुभकामना-मन्तव्य व्यक्त गर्नु हुँदै डा.भीम.राव.रामजी.आम्वेडकर एम.ए., पी. एच. डी., डी.एस.सी., एल.एल.डी., डी लिट्, बार ऐट ला ।

## भारतका संविधान निर्माता डा. भीम राव रामजी अम्वेडकरका केही उद्गारहरू:



प्राचार्य डा. अम्बेडकर
(सन् १८९१ - १९५६)

१) 'जिसप्रकार शरीरका निरोग होना जरुरी है, उसीप्रकार शरीरको सुदृढ और नियन्त्रित रखने के लिए मनका सुसंस्कृत होना भी जरुरी हे, अन्यथा यस कहना व्यर्थ होगा कि मनुष्य उन्नति कर रहा है ।'

२) 'धर्म-सदाचारका अर्थ होता है- जीवनके सब क्षेत्रों में मनुष्य-मनुष्यके बीच अच्छे सम्बन्धोंका होना । कोई भी व्यक्ति धर्म से अलग नहीं रह सकता । समाज धर्म के बिना कुछ नही कर सकता, क्यौंकि धर्मका अर्थ हे अच्छे सम्बन्ध और जिनकी हर समय जरुरत होती है ।'

३ राजनीति बेरहमी और निर्दयता पर पनपती है किन्तु कोई यो सहृदय भगवान बुद्धका अनुयायी जो करुणाके सागर थे दुविधा के कठोर समय में भी दयाका त्याग नहीं कर सकता ।'

४) 'मैने बौद्ध धर्मको स्वीकार किया है, क्योंकि इसमे ऐसे तीन मिश्रित सिद्धान्त है जो किसी अन्य कर्म मे नहीं पाए जाते । बौद्ध धर्म प्रज्ञा, करुढा और समताका पाठ पढाता है । इस धर्म मे अन्ध-विश्वास, अन्धभक्ति, रुढिवादिताके लिए कोई स्थान नहीं हे ।'

५) 'आज के प्रगतिशील समाजका मुख्य कार्म आर्थिक शोषणका प्रभावशाली रोकथाम करना आवश्यक हे । समाजवादी समाज केवल उसी समय सम्भव हो सकता है जब राज करनेवाले लोग दिल और दिमाग से उसकी सफलताके लिए कार्य करे ।'

# बुद्धका प्रेरणादायक उपदेश

✍ घनश्याम राजकर्णीकार

मनुष्य जातिको इतिहासमा भगवान् बुद्धको जस्तो महिमामय नाम अरु कसैको छैन । बुद्धको प्रादुर्भावको साथै यस धरतीमा एउटा नयाँ अध्याय शुरु भएको छ । पच्चीस सय वर्ष अगाडि बुद्धले भनेका कुराहरु आज पनि सार्थक देखिन्छन् तथा आउने शताब्दीऔंसम्म पनि सार्थक भएर रहनेछन् । मानिसको ठूलो समस्याको रुपमा रहेको दु:खलाई दर्शनको रुपमा अथवा सत्यको यस धरतीमा सर्वप्रथम बुद्धले नै प्रमाणित गरेर बुद्धले मानिसलाई हतोत्साहित वा निराश बनाउनु भएको होइन । उहाँले दु:खको मात्र कुरा सुनाई त्यसबाट मुक्त हुने मार्ग बताइदिनुभएको भए हामी दु:खै दु:खको जाँतोमा पिल्सिरहनुपर्ने हुन्थ्यो वा जीवन निराशाको बादलभित्र मात्र गुडुल्किएर रहन्थ्यो । तर बुद्धले दु:खको मात्र कुरा गर्नुभएन, बरु दु:खको कारण पनि बताइदिनुभयो । उहाँको भनाई अनुसार आफूले चिताएजस्तो नुहुनु नै दु:ख हो । उदाहरणार्थ जन्मेका प्राणीहरु आफ्ना प्रिय वस्तुहरुसँग कहिल्यै बिछोड हुन नपरोस् भन्ने चाहन्छन् तर यस्तो हुन सक्दैन । नित्य र शाश्वतताको कामना गर्दागर्दै अनित्य भएरै छाड्छ ।

वस्तुत: जीवन जगत्को यो अनित्य स्वभावलाई कसैले पनि नित्य तथा शाश्वत बनाउन सक्दैन । यसरी अनित्यतामाथि नित्यताको कामना गर्ने तृष्णाले गर्दा अन्तत: हामीलाई दु:खको अनुभूति भइरहन्छ । वस्तुत: जीवनको प्रत्येक पलमा 'तृष्णा' ले हामीलाई वशिभूत गराइरहेको हुन्छ । जसको कारणले दु:ख हरदम हाम्रो अभिन्न अंग बनिरहेको हुन्छ । यसरी मनुष्य जीवनमा अपरिहार्य रुपले समाहित भइरहने दु:खलाई जब बुद्धदेवले ध्रुवसत्यको रुपमा अबबोध गर्नुभयो, तब उहाँले यसको मूल कारण 'तृष्णा' हो भनेर पनि पत्ता लगाउनु भयो । अर्को शब्दमा भन्ने हो भने तृष्णा अर्थात राग, द्वेष र मोहबाट उत्पन्न हुने क्रिया प्रतिक्रिया नै दु:खको मूल कारण हो भनी सर्वप्रथम पत्ता लगाउने काम उहाँले नै गर्नुभएको हो । यसरी दु:ख सत्य र यसको कारणबारेको विवेचनापछि बुद्धले माथि भनेझै यसबाट छुटकारा पाउने उपाय पनि पत्ता लगाउनुभयो । दु:खबाट छुटकारा पाउन जस्तोसुकै प्रिय र अप्रिय परिस्थितिमा राग, द्वेष र मोहको संस्कारबाट अलग्ग भई मनमा अनित्य बोध जगाई आफूलाई समभावमा समाहित गराई पवित्र जीवन गर्नुपर्छ भनी उहाँले उपदेश दिनुभएको छ । उहाँको भनाई छ 'यस जीवन जगत्मा जसले आफ्नो जन्म जन्मान्तरको बन्धन अर्थात् राग, द्वेष, मोह, भय, क्रोध आदिको गाँठोलाई फुकाली शील, समाधि, प्रज्ञाको बाटोमा लागी आफ्नो तन, मन, वचन र व्यवहारलाई पवित्र पार्दै जान्छ ऊ दु:खबाट मुक्त हुँदै अन्तत: उसले मोक्ष (मोहको क्षय) प्राप्त गर्छ । त्यसैले बुद्ध भन्नुहुन्छ 'हे मानव राग, द्वेष, मोह जस्ता क्लेशबाट मुक्त हुन अथक प्रयत्न गर, आफ्नो लागि आफै साधना गर, आफ्नो लागि आफै ज्योति भएर बल, अनि निश्चय नै तिमी दु:खबाट मुक्त हुनेछौ, तिमीले निर्वाण प्राप्त गर्नेछौ । यस परिप्रेक्ष्यमा बुद्धदेवको जीवनसँग सम्बन्धित कृशा गौतमीको प्रसंग ज्यादै प्ररणादायक छ । श्रीवस्ती नगरको एउटा गरीब

परिवारमा जन्मेर गरीबीमा हुर्केकी एउटी युवतीको नाम हो -'कृशा गौतमी । भाग्य संयोगले उनको त्यतैतिरका एक सुन्दर सुयोग्य युवकसँग विवाह हुन पुग्यो । केही वर्षपछि उनको एउटा सुन्दर पुत्र जन्माइन् । घरमा सबै खुशीले गद्‌गद् हुनु स्वभाविकै थियो । सृष्टिको पवित्र प्रतिमूर्ति त्यो बालक सबैको आकर्षणको केन्द्रविन्दु हुँदै गयो । उनको बालसुलभ हिसी झन् झन् बढ्दै थियो । ऊ एक डेढ वर्षको के भयो होला एकदिन अचानक बिरामी पऱ्यो । औषधोपचार हुँदै गयो । तर दुर्भाग्यवश त्यस्तो हिसी परेको बालक एकदिन थरथराउन थाल्यो अनि निमेषभरमै हिक्क हिक्क गर्दै निश्चल बन्यो । हेदहिर्दै त्यो सुकोमल बालकको प्राणपखेरु नै उड्यो र घरमा हाहाकार मच्चियो । कृशा गौतमीको हृदयमा बज्रपात भयो । बालकको शरीरलाई कहिले म्वाइ खाने, कहिले छातीमा टाँस्ने गैं उनी रोए, कराए, चिच्याए तर बालकको आँखा खुलेन, उसको धड्कन चल्दै चलेन । सुतेको सुत्यै, कहिल्यै नउठ्ने भयो । दु:खको यो पराकाष्ठले गर्दा कृशा गौतमी बहुलाई । उनी विचलित हुँदै बच्चालाई छातीमा टाँसी यताउता दौड्दै भेट भएका जतिलाई 'मेरो मुना, मेरो राजा सुतिरहेछ, उठाइदिनुस् न' भन्दै आग्रह गर्न थालिन् । तर उनको छोरो, उनको हृदयको टुक्रालाई कसैले पनि जिलाउन सक्ने कुरा थिएन । आखिर एकजना भद्र व्यक्तिले उनीप्रति करुणा व्यक्त गर्दै भने 'गौतमी तिम्रो छोरालाई सायद एउटै व्यक्तिले मात्र उपचार गर्न सक्ला, ती हुन् बुद्ध । अहिले उनी जेतवन विहारमा छन् । तिमी उतै जाऊ । उहाँ महामानव बुद्धले अवश्य तिम्रो उपकार गरिदिनु हुनेछ ।' यो कुरा सुनेपछि कृशा गौतमी उत्साहसाथ मरेको छोरालाई बोकी जेतवनतिर हानिए । त्यहाँ पुग्नासाथ सरासर बुद्ध भएको ठाउँमा गई उहाँको चरणमा आफ्नो हृदयको टेक्रालाई राखी हुँक्क र सुँक्क गर्दै रुन थालिन् । करुणानिधि बुद्धले 'छोरी, किन रोएकी, के भो तिमीलाई ? भनी आज्ञा गर्नुभयो ।

'भगवान् मेरो छोरो सुतेको सुत्यै छ, उंठेकै होइन । मानिसहरु यसलाई मरेको भनी जलाउन खोज्छन् । यो मरेको होइन्, बेहोशमात्र भएको हो, प्रभू, यसलाई उठाइदिनुस् ।'

छोरी यो त निष्प्राण भइसक्यो । यसले देहत्याग गरिसके । यो निष्प्राण भए पनि, यसले देहत्यात गरे पनि यसलाई बचाइदिनुस्, । प्रभू त महाभिषक हुनुहुन्छ रे । प्रभूसँग संजीवनी औषधि छ भन्छन् प्रभो, यसलाई बचाई मेरो कल्याण गरिदिनुस, म प्रभूको गुण कहिल्यै विर्सने छैन ।

यस्तो भावावेश र विक्षिप्त अवस्थामा पुगेकी कृषा गौतमीलाई धर्मको कुरा गरेर केही फाईदा छैन भनी सोचर बुद्धले उनीप्रति स्नेहपूर्ण दृष्टिले हेरी शान्त मुद्रामा भन्नुभयो-'ठिक छ छोरी म तिम्रो छोरालाई जगाएर तिम्रो कल्याण गर्नेछु, तर त्यसको लागि तिमीले सर्वप्रथम एउटा सानो काम गर्नुपर्छ । यहाँको शहर बजारमा गई अलिकति तोरीको दाना ल्याऊ । अनि म तिम्रो छोरालाई जगाउनेछु ।'

हुन्छ, प्रभू हुन्छ, म अहिल्यै ल्याउँछु भन्दै गौतमी हत्पताउँदै हिंड्न थालिन् ।

तिनलाई रोकेर बुद्धले 'पख छोरी, हतार नगर । पहिले सबै कुरा नै सुन् । हेर, जुन घरमा कहिल्यै कुनै मानिसको मृत्यु भएको छैन , त्यहिी घरबाट तोरीको दाना ल्याउनुपर्छ' भन्नुभयो ।

हुन्छ, प्रभू म त्यस्तै घरबाट तोरीको दाना ल्याउनेछु, भन्दै गौतमी मरेको छोरा बोकी हतारिदैं हिडिन् । छोरा बाँच्ने आशा लिँदै उनी आफ्नो करुण कहानीको साथै बुद्धले भन्नुभएको कुरा सुनाउँदै एक मुठ्ठी दाना पाउन आग्रह गरिन् । घर मालिक्नीले सहानुभूति देखाउँदै' तिम्रो छोरा जगाउन एक मुठ्ठी त के एक पाथी नै दिन तयार छु, तर यो घरमा अनेक मानिस मरिसकेका छन्' भनी सुनाइन् । त्यसपछि उनी अँध्यारो मुख लगाई अर्को घरतिर लागिन् । एवंक्रमले

अनेक घर चहारिन् तर मानिस नमरेको कुनै पनि घर भेटाउन सकिनन् । अन्त्यमा उनलाई जन्मेपछि मृत्यु अवश्यंभावी रहेछ भन्ने महसुस भयो । एकदिन आफै पनि मर्नुछ भन्ने अवबोध उनलाई भयो । मृत्यु जस्तो ध्रुवसत्य अवश्यंभावी कुरामा शोक गरेर केही नहुने कुरा उनलाई छर्लङ्ग हुनगयो । अत: उनले आफ्नो छोरोको अन्त्येष्टि गर्न लगाइन् र अन्त्यमा उनी बुद्धकहाँ गइन् र रित्तो हातै आइरहेकी उनलाई देखेर बुद्धले 'छोरी खोइ त तोरीको दाना ? पाउन सकिनौ कि कसो ? भनेर सोध्नुभयो । कृशा गौतमीले बुद्धको सन्मुख दण्डवत गर्दै नम्र स्वरमा प्रभू दाना त पाउन सकिनँ तर हराएको होश चाहिँ पाएँ । जन्म लिने सबैको मृत्यु हुनै पर्दोरहेछ । केहीदिन यता, केही दिन उता मात्र रहेछ । यसलाई कसैले रोकेर राख्न नसकिने रहेछ भनी भनिन् ।

गौतमीको यस्तो कुरा सुनी बुद्धले प्रसन्न हुँदै अब धर्मदेशना गर्नु उपयुक्त ठान्दै आज्ञा गर्नुभयो - हेर छोरी, मृत्यु सबै प्राणीको अनिवार्य धर्मस्वभाव हो । यस्तो स्वभाविक कुरामा हामीले अस्वाभाविक कुरा चिताउनु हुन्न मनुष्यको यो संसारमा हरेक वस्तु अनित्य छ । अर्थात् सबै कुरा अनित्य धर्मा छन् । सबै प्राणी मरण धर्मा छन् । यस सत्यलाई धन सम्पत्ति, जहान-परिवार, ऐश, आराम, मोजमज्जा आदिप्रति आशक्त हुन्छ । त्यसैले छोरी, यो मोहनिद्राबाट तिमी ब्यूँझ, आफूभित्र नित्यबोध जगाउ, दु:खमा रुने र सुखमा नाच्ने बानीलाई त्यागी समभावमा स्थिर हुन र शील, समाधि (ध्यान), प्रज्ञाको बाटो समात्नु । अनि तिमी दु:खको भुमरीबाट माथि उठ्नेछौ, तिमिले मोक्ष सजिलैसित प्राप्त गर्नेछौ ।

उपर्युक्त बुद्धकालीन घटना विवेचनाबाट दु:ख र दु:खबाट माथि उठ्ने उपाय बुद्धले सजिलैसित संकेत गर्नुभएको साँच्चै प्रेरणादायक छ, उपदेशमूलक छ तथा अतुलनीय छ ।

❖❖❖



# बुद्ध खः नेपालया

✍ गोपीकृष्ण प्रजापति

बैगुणयात सद्गुणं त्वपुईगु
नियम ख:थ्व संसारया,
मेपिनिगु गुण त्वपुईत स्वइगु,
ज्या: ख: थ्व दुर्जनया ।

पृथ्वीया बुलुगु ल:
शुद्ध याइम्ह मेघ ख:
लोहँथे छा:गु चा
नाइसे च्वांकिम्ह किसान ख: ।

पर्व तछयाना पुलु दयेका
वये वने याकिम्ह ज्यामि ख:
दूरु त्वना विष ल्होइम्ह
ग्याना पुम्ह ताहा ख: ।

नेपाया जग्गा त्यला काइम्ह
जलाखला भ्रीम्ह दक्षिणया,
भ्रीगु देय् स्यंकेत स्वइम्ह
सरकार ख: भारतया ।

परमाणु यातनं ज्या: काइम्ह
वैज्ञानिक ख: विज्ञानया
विश्वयात स्वर्ग याइम्ह
बुद्ध ख: न्हाँ नेपालया ।

❖❖❖

# परियति शिक्षाको अनुभव

✍ सत्यलक्ष्मी रंजित
परियत्ति कक्षा-४, मैत्रीय युवा संघ, थथुबहि, भक्तपुर

परियति शिक्षा भगवान बुद्धको शिक्षा हो । यो एक प्रकारको व्यवहारिक शिक्षा पनि हो । व्यवहारिक हुनुको साथसाथै अत्यन्तै गम्भिर पनि छ । त्यसैले हामी अठोटका साथ भन्न सक्छौं कि परियति शिक्षा बिना जीवन अधुरो हुन्छ ।

परियतिको खास मतलब हो कुनै पनि विषय बस्तुबारे स्वयं आफैले जानेको बुझेको सिकेको थाहा पाएको वा अनुभव गरी पत्तालगाएको ज्ञानलाई आफूमा मात्र सिमित नराखी अरुलाई पनि बुझाउने सिकाउने थाहापाउन दिने कार्य नै परियति हो ।

खास गरेर परियतिको जन्म-धर्मचक्र प्रवर्तन गरेको दिनदेखि भएको मान्न सकिन्छ । किनभने भगवान बुद्धले गृहत्याग गरिसकेपछि ६ वर्षसम्म कठोर तपश्या पश्चात् बुद्ध पूर्णिमाको दिनमा सर्बोत्तम ज्ञानलाभ गर्नुभयो । उक्त ज्ञानलाई आफूमा मात्र सीमित नराखि सारनाथको मृगदावनमा बसिरहेका आफ्ना पुराना साथीहरु पाचजनालाई उक्त ज्ञानलाई बोध गराउनुभयो । त्यही दिनदेखि परियतिको शुरुवात भएको मान्न सकिन्छ ।

परियतिकी अध्ययन पश्चात् मेरो आफ्नो सानो अनुभव बताउन चाहन्छु । समग्रमा भन्नुपर्दा भगवान बुद्धको शिक्षा तीनवटा कुरामा आधारित छन् । १) शील २) समाधि ३) प्रज्ञा यसलाई परियति, प्रतिपति र प्रतिवेध पनि भनिन्छ ।

१) शील- शील एक प्रकारको नैतिक शिक्षा हो । व्यवहारिक जीवनमा यसको ठूलो भूमिका रहेको छ । शील जीवनको आधारशिला हो, जग हो । शीललाई जीवन जीउने कला पनि भनिन्छ । शीलमा प्रतिस्थित हुनु भनेको परिवारमा ठूलावडाको सम्मान गर्नु, आदरसत्कार गर्नु, सानाप्रति दयामाया गर्नु, बानी व्यहोरा राम्रो पार्नु, सबै प्राणीप्रति मैत्री भाव करुणा भाव उत्पन्न हुन हो । यस्तो किसिमको शुद्ध आचरणहरु हामी स्वयं आफै तथा बालबालिकाहरुलाई सानै उमेरदेखि सिकाउने प्रयास गर्नुपर्दछ । जसले गर्दा हामी सबैको जीवन सुखमय र सफल हुनेछन् ।

२) समाधि - समाधि भनेको मनलाई आफ्नो वशमा राख्नु हो । आफ्नो अधिनमा राख्नु हो । शील बिना समाधिको काम सम्भव हुँदैन । शीलमा प्रतिस्थित हुनु भनेको व्यक्तिले राम्रो-नराम्रो, कुशल-अकुशल र पाप-पुण्य छुट्याउन सक्नु हो । त्यसैले भगवान बुद्ध भन्नुहुन्छ 'राम्रो काम गरौं, नराम्रो काम नगरौं र मनलाई वशमा पारौं ।' मनलाई कसरी वशमा राख्ने त ? यो कार्य त्यति सजिलो छैन । तर हामीले शीललाई राम्ररी पालना गरी धर्ममय जीवन जीउन सिकेमा अवश्य पनि मनलाई वशमा राख्ने काम सजिलैसँगै पुरा गर्न सक्छौं । अब प्रश्न उठ्छ धर्ममय जीवन भनेको कस्तो जीवन ?

भगवानबुद्धको शिक्षा अनुसार धर्ममय जीवन भनेको आफू पनि सुख शान्तिसँग बस्ने अरुलाई पनि सुख शान्तिसँग बस्न दिनुनै धर्ममय जीवन हो । मन, बचन र शरीरले गरीने कुनै पनि कार्यले आफूलाई पनि सुखशान्ति होस् अरुलाई पनि सुख शान्ति होस् यही कामना नै धर्ममय जीवन हो । तर यो कार्य धेरै कठिन छ किनभने

हामी मानिस स्वार्थी छौं । पहिला आफ्नो हित सुख चाहन्छ । अरुको बारेमा सोच्दैनौं । निस्वार्थ भावले धर्ममय जीवन जीउन पहिला आफ्नो मनलाई वशमा राख्ने काम सिक्नु पर्दछ । मनलाई वशमा राख्ने भनेको मनको मालिक बन्नु हो । हामी अहिले मनको दास भएर जीवन विताइराखेका छौं । अब प्रश्न उठ्न मनलाई कसरी वशमा राख्ने ? सर्वप्रथम मनलाई नाकको दुइवटा प्वालमा टिकाई राख्ने हो । त्यो ठाउँबाट भित्र बाहिर भइरहेको सासलाई होसपूर्वक थाहापाइराख्ने अथवा जानिराख्ने । यो कार्यलाई निरन्तर अभ्यास गर्दै जाने । अनि केही समय पछि मन आफसे आफ शान्त भएर जान्छ । यसलाई 'आनापान सति' ध्यान भनिन्छ ।

भनिन्छ, व्यक्ति शिक्षित हुँदैमा असल हुँदैन । असल व्यक्ति बन्नलाई सर्वप्रथम मनलाई वशमा राख्ने काम सिक्नु पर्दछ । मनभित्र थुप्रिएका फोहरहरु सफा नभइकन जति प्रयास गरे पनि मनलाई वशमा राख्न सकिदैन । मनभित्रका फोहरहरु भनेको लोभ-लालच, रिस, इर्ष्या, मोह आदि हुन् मनलाई वशमा राख्ने तरिका सिकेपछि एउटा फाइदा के हुनेछ भने हामीलाई जीवन भर नछोड्ने असल साथी प्राप्त हुनेछ । जीवनको हरेक संकटमा यसले साथ दिनेछ । त्यो भनेको स्वासप्रस्वासमा होस्पूर्वक सजग हुनु हो । यसले केके फाइदा गर्दछ ? यसको फाइदा भनेको जागरुकता र एकाग्रता बढ्छ । डर, तनाव, हडबडाहट कम हुन्छ । पढाइमा मन लाग्छ, छिट्टै बुझ्ने शक्ति बढ्छ, सम्झनाशक्ति बढ्छ र मन स्वस्थ र बलियो हुन्छ ।

यसरी बुद्धको शिक्षाले (परियत्ति शिक्षा) मानिसलाई विद्वान बनाउने मात्र होइन असल बनाइदिने हो । यस शिक्षाले प्रत्येक व्यक्तिलाइ आ-आफ्नो व्यक्तित्व विकास गर्न ठूलो सहयोग पुग्दछ । सफल जीवन जीउन मद्दत पुग्दछ । त्यसैले आजभोलिको आधुनिक युगमा हरेक क्षेत्रको लागि बुद्धको शिक्षा अपरिहार्य भइसकेको छ । सबैको मंगल होस् ।

❖❖❖

# परियति शिक्षाका विद्यार्थीहरुलाई सम्मान

७ आषाढ २०७१, मुनिविहार

नेपाल बौद्ध परियत्ति शिक्षा २५५७ को परीक्षामा भक्तपुरबाट उत्तीर्ण विद्यार्थीहरुलाई मुनि विहारमा प्रमाण-पत्र र पुरस्कार प्रदान गरी सम्मान गरियो । मैत्रेय युवा संघ र मुनिविहारको संयुक्त आयोजनामा संचालन भएको यस कार्यक्रममा भक्तपुरबाट सर्वप्रथम कोविद परीक्षामा उत्तीर्ण विद्या शाक्य र तुल्सीकाजी मानन्धरलाई पनि विशेष सम्मान गरिएको थियो । पञ्चशील ग्रहण गर्दै भएको यस कार्यक्रममा मुनि विहारका तर्फबाट विद्या शाक्यले स्वागत गर्नु भएको थियो भने संचित बुद्धाचार्य, निभा कोजू, संघरत्न शाक्य, मीरा गुरुमां तथा युवा बौद्ध पुच:का अध्यक्ष धर्मरत्न शाक्यले पनि परियति शिक्षाको महत्व र आवश्यकता विषयमा आ-आफ्नो मन्तव्य दिनुभएको थियो । मुनिविहारका भिक्षु विपस्सी महास्थविरको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा मैत्रेय युवा संघका अध्यक्ष तिर्थराज बज्राचार्यले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

मुनिविहार परियति केन्द्रका केन्द्राध्यक्ष रामकृष्ण वैद्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा विपस्सी महास्थविर तथा भिक्षु आनन्दले परियति उत्तीर्ण विद्यार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा मैत्रेय युवा संघको तर्फबाट कोविद उत्तीर्ण गर्नुभएका तुल्सीकजी मानन्धर र विद्या शाक्य, सद्धम्म पालक उत्तीर्ण गर्नुभएका प्रज्ञा शाक्य, गंगा गोसाई, जमुना गोसाई, कक्षा ६ मा बोर्ड प्रथम ल्याउनु भएका संचित बुद्धाचार्य तथा कक्षा ५ मा बोर्ड द्वितीय उत्तीर्ण गर्नुभएका निभा कोजूलाई बुद्धमूर्ति प्रदान गरी सम्मान गरिएको थियो । अन्त्यमा प्रज्ञा शाक्यले धन्यवाद ज्ञापन र भिक्षु विपस्सी महास्थविरले सारगर्भित धर्मोपदेश गर्नुभएको थियो ।

# बुद्ध धर्ममा नारीको स्थान र भूमिका

✍ रश्ना बज्राचार्य
मैत्रेय युवा संघ, भक्तपुर

'यत्र नार्यास्तु पूज्यन्ते, रमन्ते तत्र देवता' । भनिन्छ जहाँ नारीको पूजा हुन्छ, सम्मान हुन्छ त्यहाँ देवता समेत रमाउँछन् । नारी सृष्टिकी शक्तिशाली रुप हुन् । जगत्को संरचक रुप धर्तीकी अर्की रुप हुन जसले आधा आकाश ढाकेकी छन् । मलाई लाग्छ नारीको परिभाषा भित्र धर्तीका सम्पूर्ण रचना अटाएको छ । सृष्टिको सम्पूर्ण स्वरुप अन्तरभूत भएको छ । दुनियाँको यावत् शक्ति अन्योयाश्रित भएको छ । जात, वर्ण, क्षेत्र, देश, महादेश, शिक्षा, चेतना विकासका आधारमा नारीलाई अथवा मानवसमाजमा र सभ्यतालाई फरक या ध्रुवीय दृष्टिकोणले हेर्ने आँखा म सँग छैनन् । त्यहाँ कुनै जात छैन, वर्ण छैन, क्षेत्र, देश र महादेश छैन । चाहे पारिजात हुन् या चन्द्रिका कुमारा टुंगा, लक्ष्मीबाई हुन् या मार्गरिट थ्याचर, जुनको टावेई हुन् या पासाङ ल्हामु शेर्पा अथवा कोण्डा लिजा राईस हुन् या बेनेजिर भुट्टो अनि तस्लीमा नसरीन हुन् या फ्लोरेन्स नाइटिङगेल, सबै केवल नारी हुन् । नारी जगत्का पहिचान हुन् । विश्वमै यी नारीहरुका स्थान उच्च दर्जामा राखिएको छ । मेरो हृदयभित्रको नारी परिभाषामा जुम्लामा जातो पिँध्ने माइली दिदी पनि छन् । इलाममा चिया टिप्ने कान्छी बहिनी पनि छन् , डडेल्धुरामा ओखल कुट्ने जेठी भाउजु पनि छन् । जनकपुरमा उखु गोड्ने माइजू र बर्दियामा गहुँ गोड्ने फूपूहरु पनि छन् । जे भए पनि मेरो चेतनाको नारी परिभाषा भित्र दुनियाँका सबै नारीहरु छन् । मेरो माटो माथि बस्ने सबै वर्गका महिलाहरु हुन् । छोरी बनेर होस् वा बुहारी, सासू बनेर होस् वा आमाजू, दिदी होस् वा बहिनी संघर्षको बारीमा जीवनका यामहरु सकीनसकी फूलाई आफ्नो कर्तव्य, भूमिका निभाई रहेकी हुन्छे ।

आजभन्दा २५५८ वर्ष अघि विश्वका महापुरुष महामानव नारीकै कोखबाट जन्मेर धन्य भएका थिए । महामानव गौतम बुद्धलई पनि पवित्र शीलवती नारी महामाया देवीले जन्म दिएकी थिइन् भने पालन-पोषण स्याहार, विचार, मातृ-स्नेह उनले आफ्नी कान्छी आमा प्रजापति गौतमीबाट पाएका थिए । यसबाट अझ स्पष्ट हुन्छ कि आदर्श समाज फले फुलेको पार्न नारीहरुको अनुपम योगदान भूमिका रहेको छ । साथै आज बुद्ध धर्म भिक्षुणी संघको स्थापनामा प्रजापति गौतमीले गरेको त्याग र तपस्या अनुकरणीय छ । नारीलाई पुरुष सरह संघ समाजमा प्रवेश गराउन उनको प्रयत्न प्रशंसनीय छ । आफू संघका समाजमा सम्मिलित भई प्रधान नायिका बनी भिक्षुणी संघको सुचारु रुपले परिचालन गरेको योगदान अविस्मरणीय छ ।

श्रावस्तकि महादानी उपासिका विशाखाले पनि बुद्धकालीन अवस्थामा आफ्नो ९ करोड मुल्य पर्ने महालता आभूषण बेची अरु १८ करोड थपी २७ करोड खर्च गरी १ हजार कोठा भएको पूर्वाराम विहार बनाई गौतम बुद्धलाई दान दिएकी थिइन् । अन्ततः उनीले श्रोतापन्न मार्गफल प्राप्त गरी सर्वश्रेष्ठ दान दिने अग्रस्थान हासिल गरिन् । उनको बुद्ध धर्मप्रतिको आस्था दानभावना आजसम्म पनि प्रशंसनीय र उदाहरणीय छ । यसै क्रममा भगवान बुद्धलाई बोधिज्ञान प्राप्तिका आगि भोजन दान दिने सुजाता पनि एक नारी नै हुन् । शायद सुजाताले भोजनदान नदिएको भए बुद्धले खाना बिना कुनै पनि कार्य सफल हुँदैन भन्ने कुरा बुझ्न अप्ठ्यारो हुने थिएन । ध्यानी उपासिकाहरु मध्ये अग्रस्थान प्राप्त गरेको उत्तरानन्दमाता

सकृदागामी भएकी थिइन् भने भिक्षुणी अम्बपाली पटाचारा स्थविरा, कौशम्बीकी श्यामा आदि अरहन्त मार्गफल प्राप्त गर्न समर्थ भएका थिए । सहिष्णुताकी प्रतिमा मैत्रीभावकी धनी नारी उत्तराको टाउकामा सिरिमा नामक ईर्ष्यालु नारीले उम्लेको घिउ खन्यायता पनि कति पनि द्वेष भाव नलिई उल्टो धन्यवाद दिएको सत्य, भावना, शुद्ध आचरण, त्यागका कारण बुद्ध स्वयंले उनीलाई साधुवाद दिनु भएका थिए ।

मेरो देशको माटो माथि म नारी जीवनका अनेकौं रुपहरु देखिरहेकी छु । जहाँ अभाव छ, पीडा छ, दु:ख छ, वेदना छ, रुढीवाद छ, अन्धविश्वास छ, जातीय तथा लैङ्गिक विभेदको शिकार हुनु परेको तीतो कथा छ । बुद्धकालीन समयमै आफ्ना पुत्रहरु, पति, बुबा-आमा गुमाएकी र आफ्नो शरीरमा वस्त्र समेत नभएको होस् गुमाएकी पटाचारा र पुत्र वियोगमा पागल भएकी कृशा गौतमीलाई भगवान बुद्धले करुणा राखी उपदेश दिँदै तिनीहरुको मानसिक सन्तुलन कायम गराउनु भयो । पछि बुद्धको शरणमा गई दुवै जनाले विपश्यनाध्यान भावनामा अरहन्त मार्गफल प्राप्त गरे । तसर्थ आजको समाजले भगवान बुद्धले दिनु भएका अत्तुलनीय देनलाई सहर्ष स्वीकारी मानव जीवन सार्थक तुल्याउनुपर्छ । भगवान् बुद्धले नारी समानता र स्वतन्त्रतामा जोड दिनु भए जस्तै हामीले पनि उहाँको उपदेश, काम क्रियालाई अनुभव गरेर काव्य अभिव्यक्ति गरी जीवनमा त्यस अनुभव, उपदेशहरु व्यक्त गर्नुपर्छ । अनि मात्र समाजमा उन्नतिको गुराँसहरु फुल्नेछन् ।

कानूनका शब्दहरुमा ठूला-ठूला अक्षरले समानताका कुराहरु लेखिएको भएतापनि व्यवहारका प्रत्येक पाइला-पाइलामा असमानताका विभिषक पहाडहरुले थिचिएर नारीहरु बाँचिरहनु परेको छ । नेपालमा नारीहरुको कार्यक्षेत्र भान्छाघरमा मात्र सीमित छ । त्यसैले नारीहरु पिछडिएका छन् । कतै मेरी आमा बोक्सीको आरोपमा मलमूत्र खान बाध्य छिन्, कतै मेरी भाउजू दाइजोको अभावमा जिउँदै आगो लगाइन विवश छिन्, कतै मेरी दिदी अभाव र गरीबीका कारण दास भएर यौन वृत्तिमा संलग्न छिन् । के समाजमा नारीहरुको यस्तै दुर्दशा हुन्छन् ? के बाध्यता, लाचारी, अशिक्षा अचेतना मै नारीहरुका जीवन बितिने भयो त ? कहाँ गयो भगवान बुद्धले भन्नु भएको नारी समानता र स्वतन्त्रताका कुराहरु यो त मुखमा राम-राम बगलीमा छुरा भैँ भयो । अब हरेक नारी जाग्नुपर्छ । शिलवान्, बुद्धिमान्, शिक्षित, चेतनशील हुनुपर्छ । जसरी बुद्धकालमा उत्तरा उपासिकाले आफ्नो शिलवान् स्वभावले ईर्ष्यालु, सिरिमालाई बदलिदिइन्, त्यसैगरी राष्ट्रका हरेक नारी शीलवान, चेतनशील भई यो ईर्ष्यालु समाजलाई बदल्न सक्नुपर्दछ ।

यो देशका प्रशासनिक, राजनैतिक, शैक्षिक, प्राज्ञिक कुनै पनि क्षेत्रमा नारीको प्रभावकारी रुप देख्न नसक्नु यो धर्तीकै लागि विडम्वनाको कथा बनेको छ । भृकुटी र सीता, पासाङ ल्हामू र पारिजातको इतिहास अनि वर्तमान बोकेका हामी नारीहरुका जीवनभित्र अब साँच्चिकै उन्नतिका गुराँस फुल्नुपर्छ । विकासका सुनाखरीहरु भुल्नुपर्छ । शासनमा अधिकार हुनपर्छ, भएको अधिकार पाउनुपर्छ । हामी आवश्यक परे कलमको नीप तिखार्न सक्छौं बन्दुकको नाल सोझ्याउन सक्छौं । विचारको खहरे उराल्न सक्छौं, विकासका वृक्ष हुर्काउन सक्छौं । हरेक नारी पारिजात र पासाङ ल्हामु बन्न सक्नुपर्छ । हरेक नारी फ्लोरेन्स, लक्ष्मीबाई बन्न सक्नुपर्छ । प्रत्येक नारी तसलिमा, चन्द्रिका, मदर टेरेसा बन्न सक्नुपर्छ । यहाँ सबैले असल आमा छोरी, बुहारी दिदी, बहिनी बन्न सक्नुपर्छ । बुद्धकालीन समयदेखि लिएर आजसम्म पनि बुद्ध धर्ममा नारीहरुका ठूलो योगदान रहेको छ । बुद्ध शासन चिरस्थायी गरी बहुजन हिताय बुहजन सुखायको लक्ष्य देश-विदेशमा घुमेर बुद्धधर्म प्रचार-प्रसार गरी पुरुष वर्गको संकीर्ण विचार अशिक्षित रुढीवाढीमा जकडिएका नारीहरुको बहुल्य रहेको हाम्रो समाजमा नारी जागरण ल्याउनको लागी उहाँको योगदान ठूलो रहेको छ । तसर्थ नेपालमा बुद्धधर्म, बौद्ध शिक्षा भिक्षुणीहरु लगायत कयौं उपासिकाहरुका योगदान रहेको छ । अत: धर्ति प्रचार गर्न श्रद्धेय भगवान बुद्धले करुणा राखी उपदेश दिँदै तिनीहरुको मानसिक सन्तुलन कायम गराउनु भयो पछि शक्तिका प्रतिविम्व हामी नारीहरुले जीवनमा समान उन्नति र समान विकासका सगरमाथाहरु ठड्याउन सक्नुपर्छ ।

❖❖❖

# धार्मिक जीवन

✍ ज्ञानबहादुर मानन्धर

धार्मिक व्यक्ति भन्नाले मानिसहरुले राम्रो कामहरु, सकारात्मक सोचाई, समाज सेवा, आफ्नो र अरु सम्पूर्ण प्राणीहरुप्रति हित, सुख र कल्याणमा समर्पित व्यक्ति भन्ने बुझाउँछ । मानिसहरुले जानी-नजानी राम्रो-नराम्रो हरेक किसिमका कार्यहरु गरिराखेको हुन्छन् । तर मानिहरुले आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागी बुहजन हित र सुखको लागि गरिने कार्यहरु नै सही कर्म हो भनेर मान्न सकिन्छ ।

धर्मले प्रत्येक मानिसहरुलाई राम्रो काम गर्न प्रेरणा दिन्छन् । धार्मिक व्यक्ति मेहनती हुनुपर्छ । लोभी हुनु हुदैंन । दान गर्ने वानी बसाल्नु पर्छ । कपटी हुनु हुँदैन । सम्पूर्ण प्राणीलाई मैत्री, करुणा राख्न सक्नुपर्छ । चित्त शुद्ध गर्नुपर्छ । पूण्य सञ्चय गर्दै जानुपर्छ । विलाशिता जीवन जीउन हुँदैन । जीवनभर शील पालन गर्ने प्रण गर्नु पर्छ साथै कर्तव्यनिष्ठ व्यक्ति बन्न सक्नुपर्छ । मानिसहरुले कुसल कर्महरु गरी जीवन जिउने गरे मात्र धार्मिक जीवन भन्न सकिन्छन् । सही कर्म गर्ने व्यक्तिमा डरत्रास र भय हुँदैन । राम्रो कामको परिणाम राम्रो नै आउँछ । नराम्रो कामको परिणाम नराम्रो नै हुन्छ भनी विश्वास गर्नुपर्छ । धार्मिक मानिसहरु प्राय: दीर्घायू पनि हुन्छन् । आफ्नो मनलाई वशमा राख्न सकिने व्यक्ति नै सुखको अनुभव गर्छन । जसले गर्दा यो जीवन पनि राम्रो हुन्छन् भने मृत्यू पनि सुगति प्राप्त गर्न सकिन्छन् । त्यस कारण धार्मिक जीवनयापन गर्न अत्यावश्यक छन् । यो हामी सबैले बुझी राख्नुपर्छ । यदि कुनै मासिनले धर्मलाई पालन गर्दैनन् भने उसले सही जीवन जिएको मान्न सकिँदैन । उसको जीवन नराम्रोसँग बित्छन् । ऊ झनझन दु:खबाट ग्रसित भई चोरी गर्ने व्यभिचार गर्ने, झुठ बोल्ने, अरुलाई ठग्ने, लुटपाट गर्दै समाजमा आतंकित तुल्याउने व्यक्तिको रुपमा देखा पर्न आउँछ । पछि गएर ऊ एक कुख्यात अपराधी भएर सजायको भागी भई नरक तुल्य जीवन जीउन बाध्य हुनुपर्ने हुन्छ । उसलाई सधै भरी डर त्रास भई नै रहन्छन् । आफूले गरेको पापले आफैलाई पोल्छन् । जीवनमा कहिल्यै सुख-शान्ति हुँदैन । मृत्यू पछि दुगर्तिमा पतन हुन्छ । उसको पुर्नजन्म पनि नराम्रो कर्मको कारण नराम्रै स्थितिमा हुन्छन् । भन्ने कुरा बुद्धको उपदेशबाट हामीलाई छर्लङ्ग हुन्छन् । भनेपछि मानिसहरुले बेलैमा सचेत भएर राम्रो राम्रो कुशल कर्मको फल आफू जहाँ रहे पनि नछोड्ने प्रसंग धम्मपदमा पनि उल्लेखै छ ।

'न अन्तलिक्खे न समद्दमज्झे, न पब्वतानं विवरं पविस्स ।

न विज्जति सो जगतिप्पदेसो, यत्थटिठ्तो मुञ्चेय्य पापकम्मा ॥'

अर्थात : म अन्तरिक्षमा न समुन्द्र माझमा, न पर्वत गुफामा पसेर ।

हुँदैन प्राप्त जगतप्रेदश, यथास्थित मुक्ति पाप कर्मबाट ॥

यसरी हरेक मानिसहरुले सही तरिकाले सरल निर्दोष र धार्मिक जीवन जीउन सकेको खण्डमा सबैको जीवनमा सुखमय शान्तिमय हुने छन् ।


(भवतु-सब्ब-मंगलं)

❖❖❖



# मानसिक सुख शान्तिको लागि
# ध्यान-भावना

✍ तुल्सीकाजी मानन्धर



प्रत्येक मानवलाई सुख-शान्तिसंग बाँच्ने चाहना रहेका हुन्छन् । सो को निमित्त अनेक कार्यहरु गरी राखेको हुन्छन् । विभिन्न प्रकारका समाज सेवा र विभिन्न धार्मिक क्रियाकलापहरुमा पनि सामेल भइरहेका हुन्छन् । ती धार्मिक कार्यहरुमध्ये ध्यान-भावनामा सम्मिलित हुनु पनि एक हुन । प्रत्येक मानिसले ध्यान-भावनाकोबारेमा जानी राख्नु अत्यावश्यक छ ।

ध्यान-भावना भनेको सामान्यतया पलेटीमारी, आँखा चिम्लेर अर्न्तमुखी भएर बस्नुलाई भनिन्छ । आफ्नै मनको बारेमा जान्न वा मन भित्र के कस्तो ? घट्नाहरु भइराखेका छन्, सोको यथार्थ जानकारी लिइराख्नु नै ध्यान-भावना हो ।

हिन्दु, बौद्ध, जैन, मुस्लिम, इसाईलगायत प्राय: सबै धर्महरुमा ध्यान-साधनाहरु रहेका हुन्छन् । आ-आफ्नै चलन अनुसार पूजापाठ गर्ने तरिकाहरु पनि हुन्छन् । त्यसमा आ-आफ्नो विश्वासको आधारमा ध्यान-साधना, आराधना, भक्ति, पूजा आदि गरिरहेका हुन्छन् । त्यसबाट ईश्वर खुसी भएर वरदान वा शक्ति प्राप्त हुन्छ, भन्ने विश्वास राखेको हुन्छ ।

तर यहाँ प्रस्तुत गर्न लागेको भिन्नै प्रकारको ध्यान-भावनाको बारेमा छ । जुन नेपालको लुम्बिनीमा जन्मनु भएका सिद्धार्थ गौतम बुद्धले सम्पूर्ण मानव जातिको लागि सुख-शान्तिको निमित्त विपश्यना ध्यान-भावना सिकाउनु भयो । जुन स्वयं उहाँ आफैले अनुभव गरी

सिकाउनु भएको थियो । त्यसैले उहाँलाई तथागत अर्थात यथावादी तथाकारी भनिन्छ ।

हामीले विभिन्न काम, व्यापार-व्यवसाय आदि सफल गर्न मेहनत गर्नु पनि एक किसिमको ध्यान नै हो । मेहनत वा कोसिस पुगेन भने सफल हुन सक्दैन । र ठीक संग लाभ लिन सकिँदैन । त्यस्तै अध्ययन र अध्यापनको क्षेत्रमा पनि सफल हुन विशेष मेहनत वा ध्यान दिनुपर्ने हुन्छ । यस अर्थमा सबैक्षेत्रमा ध्यानको महत्व रहेकै हुन्छ । त्यसमा व्याख्या गर्ने मात्र फरक-फरक रहेका हुन्छन् ।

ध्यान, तपस्या र योग गर्ने चलन प्राचीनकालदेखि नै चलिआएको देखिन्छ र वैदिक कालमा पनि ऋषि मुनिहरुले धेरै कष्ट सहेर कठोर तरिकाबाट पनि तपस्या गर्ने चलन थियो । त्यस्तै यज्ञ, होम, पूजापाठ, ध्यान र विभिन्न मन्त्रहरु पढी अनेक साधना गर्ने चलन पनि गर्दै आएका थिए । जसबाट स्वर्गलोक प्राप्ति हुने विश्वास लिएका हुन्थे । त्यसबेला पनि धेरै थरीका धार्मिक सम्प्रदायहरुमा आध्यात्मवादी र भौतिकवादीहरु पनि प्रशस्त थिए । तिनीहरुले अरुको सिद्धान्त गलत र आफ्नो सिद्धान्त ठीक सम्झन्थे ।

तपस्या गर्ने जस्ता दुईवटा अतिवादी प्रथा चलिराखेको अवस्थामा इशापूर्व पाँचौ-छैठौं शताब्दीमा गौतम बुद्ध प्रादुभार्व हुनु भएको थियो । उहाँले दुइवटा अतिलाई अस्वीकार गर्नुभयो । उहाँले चार आर्य सत्यको क्रममा मध्यम मार्ग स्वीकार गरी त्यसको निमित्त विपश्यना ध्यान पनि सिकाउनु भयो । मध्यम मार्ग अर्थात शील-समाधि र प्रज्ञाको माध्यमबाट दु:ख मुक्त गरी अर्हत भएका असंख्य थिए ।

साच्चिँकै ध्यानी व्यक्तिले जहिले पनि स्मृतिलाई ध्यान दिई राखेको हुन्छ । उसले जुनसुकै काम, कुरा गर्दा, खाँदा, बस्दा, सुत्दा हिँड्डुल गर्दा, (चार इर्यापथ) स्मृति दिएकै हुन्छ ।

१० दिने विपश्यना ध्यानमा बसेर आइसकेपछि जुनसुकै व्यक्तिले नियमित ध्यान गरिरहन सके दिमाग स्वस्थ र राम्रो भइरहन्छ । उसले सबै गर्नुपर्ने काम सरल तरिकाले राम्रोसँग सकाएको हुन्छ । त्यस्तै कुनै समस्याहरु आउँदा पनि धैर्यता पूर्वक हल वा समाधान गर्न सक्ने क्षमता हुन्छ । विपश्यना ध्यान भनेको जीवन जीउने कला मात्र होइन, जीवन अन्त हुने बेलामा होश पूर्वक मरण हुन सक्ने कला पनि हो ।

ध्यान बस्ने व्यक्तिको मन चञ्चल, हड्बडाउने हुँदैन । उसको आध्यात्मिक विश्वासलाई कसैले पनि दगमगाउन सक्दैन । उसलाई मनोरोग कमै मात्र हुन सक्छ । भनिन्छ मानिसहरु ८०/९० प्रतिशत मन कमजोर हुनाको कारण रोगी हुन्छन् । मन बलियो हुने बेलामा शरीर पनि तगडा हुन्छ । मन कमजोर हुने बेलामा शरीर पनि कमजोर हुन्छ । ध्यानले मनलाई बलियो बनाउँछ । त्यसैले नियमित ध्यान गर्नु अति लाभदायक हुन्छ ।

प्रत्येक मानिसको चित्तको प्रवाह क्षण-क्षण परिवर्तन भई राखेको हुन्छ । त्यसमा सकारात्मक र नकारात्मक चित्तको स्थिति हुन्छ । सकारात्मक विचारले मन शरीरलाई स्वस्थ पार्छ भने नकारात्मक विचारले मन र शरीर अस्वस्थ पार्छ । ध्यानको बलले सम्पूर्ण प्राणीहरुलाई आफू समान ठानी मैत्री, करुणा राख्न सिकाउँछन् । अरु प्रति समान व्यवहार गरी सबैले भलो हुने चाहना गर्छन । सही मानेमा उसले मात्र मन, वचन र कर्मले समान गरी राखेको हुन्छ ।

अन्तमा ध्यान-भावनाले प्रत्येक मानिसलाई सुखी र सम्पूर्ण प्राणीप्रति मैत्री, करुणा राखी अरु प्रति द्वेष भाव, र ईर्ष्याभाव र आफूलाई लोभ लालचबाट अलग्ग हुन प्रेरणा मिल्छ । अरुप्रति समताभाव राख्न सिकाउँछ । अस्तु भबतु सब्बा मंगलं ।

❖❖❖

# चतुब्रम्ह महाविहार

## परिचय

चतुब्रम्ह महाविहारयात ख्वपया बाहा वहि मध्ये दकसिब्बे बांलागु, कलाकृतिया अनुपम उदाहरण कथं धस्वना: च्वंगु, सम्पूर्ण लक्षणं युक्तगु छगू नमुना बिहार धा:सां छुं अतिसयोक्ति जुइमखु । चतुब्रम्ह महाविहार धका: उल्लेख जुयाच्वंगु दकसिबय् पुलांगु अभिलेख सिद्धपुखूया गुह्येश्वरी फलचाय् तिकात:गु ल्वहंपौहे ख: । चतुब्रम्ह महाविहारयात तधिछैं बाहा, बाहाछैं आदि विभिन्न नामंनं म्हसिया च्वंगु दु । तर स्थानीय जनसमुदाय बीचय् थुगु बाहा वहालछैंया नामं अतिकं प्रख्यात जुयाच्वंगु दु । सम्बत ६७१ पाखे जुजु विश्वमल्लया शासन इलय् च्वया:त:गु तमसुक पत्रय् 'तल मंडित्वा : वहालछे' धका: उल्लेख जुयाच्वंगु दु । अथेहे हेराचन्द्र बज्राचार्ययागु सम्बत ७१२य् जुगु घट्नाव टिपोतय् थुगु बिहारयात वहालछे हे धका: उल्लेख यानात:गु दु । अथेहेनतुं कुथुबहीया दीपंकरयागु सम्बत ७५३ हृदयफ्व तिसाय्, थथुबहिया ने.सं.७९३ या शाक्यमुनी बुद्धया मूर्ति आसनय् व भुपतिन्द्र मल्ल जुजुया शासन इलय् च्वया:त:गु कारण्डब्युहया पुष्पिका आदिले वहारछे धका: उल्लेख यानात:गु दु । अथेहे भुपतिन्द्र मल्ल जुजुया शासन इलय् च्वया:त:गु पंचविसति प्रज्ञापारमिता पुष्पिका वाक्यय् नं. वहारछैंया नां उल्लेख यानात:गु दु । ख्वप लाय्कु (राजदरवारं) लिकसं च्वगु न्यातापौ (न्यातापोल) द्यग: नापंसं थुगु बिहार अवस्थित जुयाच्वंगु दु । थन न्हियो न्हिथं सलंसनं मयाक विदेशी पर्यतकत वयाच्वंगु दु ।

## ऐतिहासिक पृष्ठभूमि

चतुब्रम्ह महाविहार ने.सं. ६११ पाखे जुजु रायमल्लया शासनकालय् निर्माण जगु ख: । धयात:गुकथं कुमारीयागु बिधिबत पाठपूजा न्हेयाकेत यें देया त:छैं वहाया:म्हं जीवचन्द्र बज्राचार्ययात ख्वपय् आमन्त्रण या:गु जुल । जीवचन्द्र यात सुरतवज्र बज्राचार्यया काय् धका: म्हसिका वयाच्वंगु दु । जीवचन्द्र बज्राचार्ययात थन ख्वपय् स्थायी रुपं बसोवास याकेत थुगु चतुब्रम्ह महाविहार निर्माण या:गु जुल । उकिं जीवचन्द्रयात थुथु बाहाया सकल संघपिनि अजाजु नालात:गु ख: । थुगु खँयात प्रमाणित याइगु चतुब्रम्ह महाविहार (बहालछैं) या संघपिंके पंचरक्षापुस्तक ल्यना च्वंगु दनि । उगु पञ्चरक्षा सफुया पुष्पिका वाक्यय् यैंदेया त:छैं वहाया:म्ह सुरतबज्र बज्राचार्यया काय् जीवचन्द्र बज्राचार्य यात कुमारीया:गु धार्मिक ज्या चलेयायेमाला जुजु रायमल्ल, राममल्ल, रत्नमल्ल, अरीमल्लपिसं स:ताक्या ख्वपया बहालछैंस वसोवास याकूगु खँ उल्लेख यानात:गु दु । लिपा जीवचन्द्रया सन्तानपाखें इलय व्यलय् अनेक धर्मकीर्ति तया थुगु बिहारयात छाय्पिय्गु ज्या जुल । थ्व हे भ्वलय ने.सं.७३९ य् बज्राचार्य नुगुसिंह पाखें विहार जीर्णोद्धार याना: छगू काष्ठ तोरणनं त:गु जुल । नापं वसपोलं बिहारय् सुधार यायेगु दृष्टिकोण नियमनं दयेका बिज्यागु खं छगू अभिलेखं क्यनाच्वंगु दु । अथेहे सम्बत ७७५ पाखे बज्राचार्य जयदेव ने.सं. ८७२ पाखे बज्राचार्य तधिकनं जिर्णोद्धार याये धुंकूगु ख: । बज्राचार्य तधिकपाखें सम्पूर्ण भागहे जगं निसें पिया जीर्णोद्धार या:गु ख: । सम्बत ८७२ स तधिक बज्राचार्यनं थगु नामंनं तुनासिं छायात:गु दु । विहारया जिर्णोद्धारया थीथी ज्या:भ्वलय् तात्कालिक जुजु रणजित मल्ल, युवराज विरनरसिं मल्लपिसंनं यक्वहे सरसलाह विया: सहयोग यागु खँ विहार जिर्णोद्धार क्वचाय् धुंका सम्बत ८७३ पाखे तयाथ:कूगु क्वा:पाद्योया खवय् पतिइ च्वंगु ल्वहंपतिइ उल्लेख जुयाच्वंगु

दु । अथेहे विहारय् दुने मचे, मांस दुतहये मज्युगु, हातहतियार दुतहये मज्युगु, चिपनिप याये मज्युगु, लाकां दुतहय् मज्युगु आदि खँ नं ल्वहंपतिइ उल्लेख यानात:गु दु ।

**विहारया संघ व ज्याइव:**

चतुब्रम्ह महाविहार मुक्कं बज्राचार्यपिनिगु संघ ख: । चूडाकर्म याये धुंकुपि संघसदस्यपिन्त अभिशेक बिइगु, नित्य पुजा याइगु, भजन याइगु, इलय् ब्यलय् जुइगु कर्म काण्ड आदि जनया संघं बाँलाक चलेयाना: वयाच्वंगु दु । थनया संघ खल:पिसं मोहनिया अष्टमि कुन्हु व दशमी कुन्हु आगंपुजा यायेमा सा विस्काया ल्यसिं थनि खुन्हु नं आगमय संघपिनि पुजायाइगु चलन दु । थुलि जक मखु थनया आगमय् न्हापा संघपिं मुना ग्रहण बले पुजायाना: सम्हे नयेगु चलन दुगु ख: तर थौकन्हे इच्छा दुपिंसं जक थन वया: पुजा याइ । थुगु विहारया संघ पिनिम्ह दिगुद्य: गुह्यश्वरी ख: ।

थुगु बिहारया संघदुज:पिसं भौरवही, थथुवही, कुथुवही, यालाछेँ नापंयाना: प्यंगू: वहीया फुक्क पूजाविधि व मेमेगु ज्या समेतं संचालन याना: वयाच्वंगु दु । कव:या ल्याखँ दँय छक थुगु विहारया संघसदस्यपिंसं द्य: पा: फय्मा:गु परंपरा न्ह्याना: वयाच्वंगु दु । तर थौकन्हे व्यक्तिगत रुपं चूडाकर्म जुइधुंकुपिं संघसदस्यपिंसं पा:फ्या वयाच्वंगु दु । अथेहे न्हापा विहारय् पा:फयाच्वंम्ह गुरुजुं थुगु बिहार अन्तर्गतया ख्वपया शाक्य बज्राचार्य, प्रजापति, मानन्धर, ज्यापु आदि सकलपिंथाय् जयमाँपूजा ज्या चलेयाये मा:गु जुल । मेथाय् खनेमदुगु थुजागु परंपरा चतुब्रम्ह महाविहार संघया छगू प्रमुख विशेषता खनेदु । थुगु विहारया संघ दुजपिं खुगू कवय् बिभाजन जुया च्वंगुदु ।

१) चिवाया खल: व घ्याङ्ग खल:
२) मायकें खल: (जेठा खल:, माइला खल: व कान्छा खल:)
३) छुंमा खल:
४) सुकुध्वाखा खल:
५) देग:चा ल्यूने खल:
६) तधिछेँ खल:

चिवागा खल: व ध्याङ्ग खल: छगू हे खल:पिं ख: । थुगु खल: व मायेंक खलं थथुवहिस यायेमा:गु फुक्क पुजा आजा व हेरविचार याना: वयाच्वंगु दु । थनया छुंमा खलं न्हापा यालाछेँ वहि स्वइगु ख: तर थौकन्हे यालाछेँ वहिया छुं अस्तित्व मदय: धुंकल । अथेहेतुं लधिकछेँ खलं भौरवहीया पुजा आजा व हेरविचार याइजु ज्या जुया च्वंगुदु । थुगु खल:या जयरत्न बज्राचार्यजुं नेपाल सम्वत् ७८७ सं सम्यक न्यायेका बिज्यागु खनेदु । अथेहे वसपोलया काय्पिंसं नं सम्यक पन्चदान न्यायेका ने.सं.७०७ सं लुँ द्यो स्थापना यागु दु । थुगु विहांरया चिवागा खल: व ध्याङ्ग खल:या सकल दुजपिसं कुथुवहिया पुजा आजा व हेरविचार यायेमा:गु परंपरा दु: । साधारणतया थन वहिद्यो ब्वयेगु पालाम्ह व्यक्ति मेगु वर्षय चतुब्रम्ह विहारय् पुजा आजा व हेरविचारया पाकाइम्ह जुइ ।

चतुब्रम्ह महाविहारया संघपिनिगु सांस्कृतिक क्षेत्रय् पंचताल वाजा दु । थुगु वाजा न्हापानिसें हे इलय् ब्यलय् दरवार पाखें जुइगु सांस्कृतिक पर्वे नं सहभागि जुइमा धैगु प्रमाण भूपतिन्द्र मल्ल जुजुनं न्यातपौ द्य:ग दयेका कोटीहोम याबले बहालछेया पंचताल वाजानं प्रदर्शन या:गु खँ उल्लेख जुयाच्वंगु दु । भिदँ न्ह्य तक मोहनीया नवरात कुन्हु तलेजु मूल चुकय् पंचताल वाजा प्रदर्शन यावनीगु चलन दुगु ख: ।

थुजा:गु कथं चतुब्रम्ह महाविहार निर्माण जुये धुंका जीवचन्द्र बज्राचार्यया संतान तय्सं थीथी इलय जीर्णद्धार याना: विहारयात मा:गु कथं धर्मकिर्ति तयाथ:कूगु ख: । उलिजक मखु चतुब्रम्ह महाविहारया जीवचन्द्र बज्राचार्यया पालनिसें तवधिक वज्राचार्यया पालेतक नं. (इलय् तकनं) ख्वप जुजुपि लिसें बांलाक स्वापु दु धाइगु थीथी स्रोतं क्यनाच्वंगु दु । थुगु विहारय् ख्वपया निम्हम दीपंकर विराजमान जुयाच्वंगु दु । तर थुम्ह दीपंकर गुलि पुलाँम्ह धका: आतकनं धाये मफुनी । ख्वपय् जात्रायायेमापिं न्याम्ह दीपंकरयागु थगुहे कथंया विशेषता दु:धका थाय्थायस् उल्लेख याना:च्वने मा:गु मदु ।


❖❖❖

पुस्तक परिचय

# 'मङ्गल उपदेश' चिन्तनसङ्ग्रह पढ्दा

✍ विष्णुगोपाल कुसी

भारतको बनारसस्थित सम्पूर्णानन्द विश्वविद्यालयबाट 'अभिधर्म ओतारा' विषयमा विद्यावारिधि (पीएचडी) गरी राम्रो गर्नु धर्म हो, राम्रो कर्म, राम्रो सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो भन्ने विचार राख्ने डा. अनोजा ( शारदा मानन्धर)को आठौं प्रकाशित कृति हो-'मङ्गल उपदेश' २०६९ । उनको यो पुस्तकमा पाली भाषाका ३८ वटा मङ्गल सूत्रहरुलाई सरल भाषामा विश्लेषण गरिएको छ । वि.सं. २०१६ सालमा बनेपा वडा नं. ५ को वांख्या टोलमा जन्मेकी अनोजाको यो 'मङ्गल उपदेश' अर्को महत्त्वपूर्ण र पठनीय पुस्तक हो । बुद्धको उपदेशमा आधारित महत्त्वपूर्ण मङ्गल सूत्रलाई सर्वसाधारणमा समेत जानकारी दिने उद्देश्यले उनले यो पुस्तक तयार पारेका हुन् ।




पुस्तकको प्रकाशकीयमा भनिएको छ- बुद्धको उपदेशअनुसारको आचरणलाई अनुसरण र अभ्यास गर्नु नै सबै प्राणीको हित, सुख र शान्ति निहित छ, यो नै उत्तम मङ्गल हो ।

पुस्तकमा उल्लेखित ३८ वटा मङ्गलहरुमध्ये मूर्खहरुको सङ्गत नगर्नु अर्को मङ्गल हो । डाडूलाई तिहुन-तरकारीको स्वाद थाहा नभएझैं मूर्खजनले जीवनमा पण्डितको सङ्गत गरे पनि धर्मको मर्म बुझ्दैन, पापले मूर्खलाई पोल्छ, मूर्खले राम्रो काम गर्दैन, जे गरे पनि उल्टो गरेको हुन्छ । मूर्ख छोरो हुनुभन्दा विद्वान शत्रु नै राम्रो हुन्छ । मूर्खले गलत सोच्छ, अरुको कुभलो हुने काम गर्छ । अतः मूर्खहरुसँग सङ्गत गर्नु ठीक होइन । कुनै व्यक्ति शरीरबाट, वचनबाट र मनबाट हुने पाप गर्ने मूर्ख हुन्छ ।

पण्डित हुनु अर्को मङ्गल हो । अर्थ बुझ्ने, सत्य र असत्य छुट्याउन सक्ने, ज्ञानी गुणी हुने, धर्मको रस बुझ्ने, प्रसन्न चित्त भएको गलत बाटोमा नलाग्ने व्यक्तिहरु पण्डित हुन्छन् । कर्तव्य नबुझ्ने, स्वार्थी, खालि पेटका लागि पढ्ने, व्यवहार र शान्तिको भन्दा स्वार्थका लागि काम गर्ने व्यक्ति सच्चा पण्डित बन्न सकिदैन । पढेर, सिकेर, बुझेर कर्तव्य पालना गर्नुपर्छ । ज्ञानगुण नभएको व्यक्ति चिच्याएर लाखौं लाख कराए पनि ज्ञान भएको व्यक्तिको एउटा शब्द सुन्नु नै लोकका लागि उत्तम हुन्छ ।

पूजा गर्ने योग्य व्यक्तिलाई पूजा गर्नु या सम्मान गर्नु अर्को पालना गर्नैपर्ने मङ्गल हो । सयौं वर्ष जङ्गलमा

बसी यज्ञ र होम गर्नेलाई भन्दा राम्रो विचारधारा, चित्त राम्रो भएको व्यक्तिलाई आदर सत्कार गर्नु पूजा हो । आफूभन्दा ठूलालाई मात्र होइन जन्मले, कर्मले र ज्ञानले ठूलो व्यक्ति पूजनीय हुन्छ, पूजा गर्नलायकको हुन्छ । प्रत्येक नागरिक राम्रो समाज र वातावरणमा बस्न चाहन्छन् । खराब या अपराधी रहेको, बसेको ठाउँमा अरु मानिस (सज्जन) बस्न चाहँदैनन् । यसको लागि आदर्शोन्मुख समाज र देशको आवश्यकता छ । आदर्शोन्मुख समाज र देश बनाउन त्यस्तै राम्रो नेता, मन्त्री, कार्यकर्ता, कर्मचारी र नागरिकको खाँचो हुन्छ ।

हरेक व्यक्तिको मन शुद्ध हुनुपर्छ, आफू असल छु भन्ने कुरा समाजमा चिनाउनुपर्छ । आफ्नो चित्त र शरीरलाई ठीक राख्नुपर्छ । नराम्रो काम गर्ने या खराब चरित्रका व्यक्तिको जहाँ पनि निन्दा गरिएको हुन्छ । खराब चरित्रका व्यक्तिहरु समाजमा निहुरेर बस्नुपर्ने हुन्छ । इज्जत नभएका या जीवनमा कालो दाग लागेका व्यक्तिहरु सद्दे हुँदैनन् । आफू नै चरित्रवान छैनन् भने उसले अरुलाई कसरी चरित्रवान बनाउँछ ? यसकारण आफ्नो चित्त र शरीरलाई बसमा राख्नु जरुरी छ ।

प्रज्ञा सबैमा आवश्यक छ, हुनुपर्छ । अझ बहुश्रुत हुन झन अत्युत्तम हुन्छ । बहुश्रुतको कमीले जनताको सुख सुविधाभन्दा दलगत र व्यक्तिगत स्वार्थमा बढी केन्द्रित हुन थाले दलका नेता, मन्त्री र कार्यकर्ताहरु । न्याय र धर्म हराउन थाले । बहुश्रुतकै सन्दर्भमा बुद्धको भनाइ यस्तो छ- 'तिमीहरुले सुनेरमात्र हुँदैन आफ्नो आँखाले पनि हेर्ने गर ।' आफ्नो स्थान छोडेर अन्यत्र छिरेपछि त्यहाँको मानिसको रहनसहन, विकास आदि सबै हेर्न सकिन्छ, बुझ्न र अनुभव गर्न सकिन्छ ।

शिल्प विद्या सिक्नु अर्को बुद्धको मङ्गल सूत्र हो । मानिसहरु परिश्रम गरेर जिउनुपर्छ । जो परिश्रम नगरी जीवन बिताउँछ, त्यो बाँचेर पनि मरितुल्य हुन्छ । ज्ञानबाट सिकेर परिश्रम गर्नु नै शिल्प विद्या हो । गरेर खाने विद्या नराम्रो हुँदै होइन ।

मानिस सदाचारी हुनुपर्छ । नम्रतापूर्वक बोल्नु उसको आचरण हो । छुच्चा हुनु, शेखी पाराले बोल्नु, सज्जन मानिसलाई सुहाउँदैन । विनयी हुनु र सुशिक्षित हुनु पनि मङ्गल सूत्र हो ।

आफूले बोल्दा अरुको चित्त दुखाउनु हुँदैन । मनमा एउटा र मुखमा अर्को कुरा गरेर द्वैधचरित्र देखाउनु ठीक होइन । वचन सुमधुर भएर काम व्यभिचार भयो भने के गर्ने ? खोलाको पानी निर्मल हुँदैमा पिउनलायक नहुन सक्छ । बौद्धको दृष्टिकोणमा सुभासित वचन गर्नु भनेको आफूले बोल्दा अरुलाई चित्त नदुखाउने वचन हो । तर दु:खलाग्दो छ - आज भोलिका कति नेताहरुको वचन र बोलीको ठेगान छैन ।

जन्माउने आमा र जन्मभूमि स्वर्गभन्दा प्यारो हुन्छ । आमाबाबुप्रति सन्तानको असीम प्रेम हुन्छ । आमाले सन्तानप्रति गरेको मायाममता र हेरविचार तथा पालनपोषणलाई सन्तानले चटक्कै बिर्सनु ठूलो भूल हुनेछ, भूलेमा नेपाल आमाले सराप्नेछन् । अत: आमाबुबाको सेवा गर्नु सन्तानको कर्तव्य हो । त्यो कर्तव्य कहिल्यै भुल्नु हुँदैन ।

कसैलाई विघ्न बाधा गर्ने काम न्यायोचित होइन । आफू कलङ्कित हुने, समाजबाट घृणित हुने कामले मन स्थिर हुँदैन । अस्थिर मनले चिन्ता बढाउँछ र कुनै काम गर्न आकुलव्याकुल हुन्छ । त्यस्तो काम नगर्नु पनि मङ्गल हो ।

त्यागी र सहयोगी भावना भएका व्यक्ति समाजका उदाहरणीय व्यक्ति हुन्छन् । कसैको दबाब र करकापमा होइन, त्याग र सहयोग दिलैदेखि हुनुपर्छ । कसैले त्याग नगरिकन, दान नदिइकन अरुको उद्धार हुनेछैन । दान या त्याग गर्ने व्यक्तिमा लोभ, चिन्ता

हुनुहुँदैन । दान गर्नु भनेकै चित्त प्रसन्न गर्नु हो । अरुको उपकार गर्ने व्यक्ति सबैको मनपर्ने पात्र बन्छ । तर समाजका कति मानिसहरु घूस खान्छन्, कमिसन खान्छन्, कालाबजारी गर्छन् या त्यसरी नै धनार्जन गर्छन् अनि दाताराम देखाउन मन्दिर, देवल या त्यस्तै अन्य काममा सहयोग गर्छन् । एकातिर अवैध ढङ्गले अकुत सम्पति कमाउने अर्कोतिर त्यागी देखाउन सहयोग गर्ने व्यक्ति पनि समाजमा नभएको होइन । यस्ता त्यागीहरुलाई हामीले चिन्नुपर्छ ।

जहिलेसम्म प्रत्येक व्यक्तिको मन शुद्ध हुँदैन, पवित्र हुँदैन, सफा आकासझैं निर्मल हुँदैन तहिलेसम्म यहाँ शोषण, दमन र अन्याय भइरहन्छ र सुख, शान्तिपूर्वक बाँच्न पाउँदैन । अशुद्ध मन भएका व्यक्तिहरुमा जहिल्यै अस्थिरता हुन्छ, यसले न त आफ्नो उद्देश्य पूरा हुन्छ, न त अरुलाई चित्त बुझाउन सकिन्छ । शुद्ध मन, विचार र भावना नभएकै कारण सत्तासीन दलले सही नेतृत्व गर्न नसकेको हो, बेलैमा संविधान नबनेको हो र फेरि अरबौं खर्च गरेर दोस्रो पटक संविधानसभाको निर्वाचन गर्नु परेको हो ।

मानिस एक्लै बस्न नसक्ने सामाजिक प्राणी भएको हुँदा समाजमा दाजुभाइ, छरछिमेक तथा मित्रबन्धुहरु एक आपसमा मिलेर बस्नु आवश्यक छ । परस्परमा मैत्रीभाव हुनुपर्छ । विश्वास सबैभन्दा ठूलो बन्धु हो । त्यो कायम राख्नुपर्छ । विश्वास चुकेपछि अर्को पटक काम गर्न गाह्रो हुन्छ ।

समाजमा अशान्ति बढ्नुमा मानिसहरु आक्रोशित हुनुका कारणहरुमध्ये दोष र निर्दोषलाई राम्ररी केलाउन नसक्नु पनि हो । निर्दोषले न्याय नपाउँदा र दोषीलाई सजाय नदिंदा मानिसहरु भड्किन्छन् । हामीले दोषरहित काम गर्नुपर्छ । कारणबस काम गल्ती भयो भने तुरुन्तै सच्याइनुपर्छ, सुधार्नुपर्छ । पाप भइहाल्यो भने दोहोऱ्याउनु हुँदैन । पाप र दुराचार गरेर बाँच्न त सकिन्छ तर उसको जीवन मरितुल्य हुन्छ । देशको नेतृत्व गर्न अघि तम्सेका कतिपय नेताहरु सही र गलत भन्दैनन्, विश्वास जित्न मीठा भाषण दिन्छन् र मन्त्रमुग्ध पार्छन् । जनताले यस्तो कार्यको छिनोफानो गर्नुपर्छ ।

पापीहरु आफूमात्र पाप लाग्ने काम गर्दैनन्, अरुलाई पनि अनेकानेक षड्यन्त्र गरेर, जालमा फसाएर पापकार्यमा लगाउने काम गर्छन् । आफूझैं अरुलाई जालमा फसाएर बदनामी बनाइन्छ । आफूमात्र पाप कर्मबाट अलग हुने होइन, अरुले फसाउने षड्यन्त्रबाट पनि जोगिनुपर्छ । पापीहरु सकेसम्म आफ्नो घेरा चौडा पार्ने प्रयास गर्छन् । दुराचारी र असंयमित व्यक्तिको सय वर्षको जीवनभन्दा सदाचारी र ध्यानी व्यक्तिको एक दिनको जीवन नै राम्रो हुन्छ । हो, पाप शरीर, मन र वचनबाट हुन्छ ।

हामी लागूपदार्थ या अम्मल पदार्थबाट सकेसम्म टाढा रहनुपर्छ । लागूपदार्थ नसा चढ्ने वस्तु भएकोले त्यसले असर पुऱ्याउँछ । धेरै भएपछि अन्न पनि विष हुन्छ भनेझैं लागूपदार्थको सेवन गर्नु मन्दविष पिउनु बराबर हुन्छ । लागूपदार्थ सेवन गर्ने व्यक्तिहरु इज्जतको ख्याल गर्दैनन् । उनीहरुलाई लज्जा र भयको अनुभूति हुँदैन ।

धर्म गरेरमात्र राम्रो हुने होइन, धर्मको आचरण राम्रोसँग गर्नुपर्छ । कुनै कुनै धर्मको नाउँमा आर्थिक शोषण गर्छन् । आठ दश दिन श्रमदान गरेर कीर्ति राख्ने, कुनै मठ मन्दिर या देवालयमा नाम अङ्कित गर्ने धर्मधिकारीहरु पनि हुन्छन् । कुनै कुनै धर्मको नाउँमा चन्दा बटुल्छन् र अनि आफूलाई पनि भाग लगाउँछन् । यस्तो सेवा गर्ने काम र धर्म होइन । होस पुऱ्याएर धर्म गर्नुमात्रै अप्रमादी हो ।

हाम्रा मातापिताहरु आफ्ना बालबच्चालाई सुरुदेखि नै आदर गर्ने, मानवचन राख्ने सिकाउँछन् ।

ठूलाको अर्ति र उपदेश मान्न ज्ञान दिन्छन् । मान, सम्मान र वचन पूजा गरेर सिक्ने होइन । आफू भन्दा ठूलाको मान-सम्मान गर्नु गौरव हो, आस्था हो । यो हाम्रो कर्तव्य हो । मान वचन राखी नबोल्दा या शिष्ट भाषामा नबोली एकैपटक जङ्गिएर बोल्दा रिस माथि रिस उठ्छ र कलह हुन्छ र नम्रतापूर्वक बोलेर गल्ती नै गरे पनि सुधार्ने अवसर दिन्छ र मिनाहा पाइन्छ । नम्र बोली र बानी उत्तम मङ्गल हो । यस्तो नम्रता घरमा, स्कूलमा, विहारमा या जहाँतहीं आवश्यक छ । घमण्डी स्वभाव अरुलाई मनपर्दैन र त्यस्तो बानी पच्दैन ।

मानिसले अझ प्रगति गर्न खोज्छ, खोज्नुपर्छ । तर आफूसँगै भएको ज्ञान, सम्पति पनि स्वीकार्नु पर्छ । गरिब भयो भन्दैमा, सम्पति छैन भन्दैमा अरुको सम्पतिमा आँखा गाडेर हुँदैन । सम्पति छैन भनेर धुरुधुरु रोएर बढ्ने होइन । यस अर्थमा मानिस सन्तुष्ट हुनुपर्छ भनिएको हो । सन्तोषी हुनुपर्छ भनेर काम नगर्नु या धनसम्पत्ति कमाउनु हुँदैन भनिएको होइन । अरुले घोडा चढ्यो भन्दैमा आफूले धुरी चढेर हुँदैन । मिहिनेत नगरिकन दलिनबाट सम्पति झर्ने होइन । असन्तोषीलाई जतिसुकै सम्पति भए पनि पुग्दैन ।

आपत्‌विपत्‌मा भएको उपकार अत्युत्तम हुन्छ । त्यसको अर्थ अरु समयमा उपकार गर्नु हुन्न भनेको होइन । उपकार अनेक हुन्छ । उपकार दीन-दुखीलाई सहयोग गरेर हुन्छ, ज्ञान गुणको सन्देश बाँडेर पनि हुन्छ । उपकार गर्ने व्यक्ति गुणी हुन्छ, गुणी व्यक्तिको गुण बिर्सन हुँदैन । त्यसपछि हामी कृतज्ञ हुनुपर्छ । गुणलाई गुणले तिर्नुपर्छ । उपकार गर्नेभन्दा गरेको उपकारलाई सम्झेर फेरि मद्दत गर्नु अर्को ठूलो गुण हो । धन सम्पत्ति दिनुमात्रै उपकार होइन, आफ्नो बुद्धि, विचार, ज्ञान दिनु पनि उपकार हो । उपकार गर्ने गुण बिर्सदै गएकोले नै समाजमा स्वार्थीको भावना विकास हुँदै गएको हो । यो समाजको दुर्गुण पक्ष हो ।

धर्म भनेको पूजा पाठ होइन । धर्मभित्र नियम, नीति, कर्म र उपदेश पनि हुन्छ । पहिले धर्मकै आडभरोसामा मानिसको जीवन बितेको हुन्थ्यो । कुनै पनि सहयोग विश्वासको आधारमा हुन्थ्यो, त्यो चलन अद्यापि छ । बेलाबखत धर्मको श्रवण गरिरहँदा विगतका ती क्षणहरुको सम्झना हुन्छ र आउँदा दिन बिताउन सजिलो हुन्छ । धर्मको श्रवण गर्दा सबै पालना गर्नैपर्छ भन्ने होइन तर यसले नयाँ ज्ञान थाहा हुन्छ, कतिपय शङ्का निवारण हुन्छ, व्यक्तित्व विकासमा टेवा पुग्छ । विद्या खर्च गर्दा बढ्छ भन्ने भनाइ नै छ । साँच्चै शोक पर्दा, रोगले छटपटिंदा उपदेश महत्त्वपूर्ण हुन्छ । कहिलेकाहीं त्यही उपदेश औषधिसरह हुन्छ ।

'घोडा चढ्ने लड्छ' भन्ने उखानै छ । हो, काम गर्दा बिग्रिन सक्छ । त्यस्तो बेलामा सहनुपर्छ । अरुले गरेको गाली गल्ती सुधार्न हो भनी सम्झनुपर्छ । तर जसले जे गरे पनि, बोले पनि, झूट बोले पनि धैर्यताको नाउँमा सहेर बस्नु अर्को गल्ती हुनेछ । बुद्धले भनेझैं अन्याय गर्ने अन्यायीको काम, बोली, वचन टुलुटुलु हेरेर बस्ने पनि अन्यायी हुन्छ । हरेक कुराको सीमा हुन्छ । सीमा नाघेपछि बेलुनमात्र होइन बाँध पनि फुट्छ ।

अनुशासित भएर काम गर्नु आज्ञाकारी हो । आज्ञाकारी पालना गर्नैपर्ने अर्को मङ्गल हो । शील, स्वभाव, आचरण भएको व्यक्ति आज्ञाकारी हुन्छ । आज्ञाकारी र अनुशासित व्यक्तिलाई सबैले माया गर्छन, प्रशंसा गर्छन् । हामीमा साग बुद्धि, छाला बुद्धि होइन कम्तीमा तलको बुद्धि हुनुपर्छ ।

बेलाबखत धर्मबारे छलफल गर्नुपर्छ । धर्मको उद्देश्य मान्छेलाई शुद्ध गर्नु हो, मन शुद्ध पार्नु हो । संस्कृति र धर्मको नाउँमा गरिने अन्धविश्वास कति ठीक र बेठीक हो, त्यसबारे छलफल गर्नुपर्छ । शील, आचरण, शुद्ध नभएको व्यक्तिले अरुलाई शुद्ध हुने शिक्षा कसरी

दिन्छ ? मुन्डन गर्दैमा, पहेंलो वश्त्र लगाउँदैमा, धर्मको अर्थ जान्दैमा व्रतसहित तथा झूटो बोल्ने, इच्छा र लाभका वशमा पर्ने व्यक्ति कहिल्यै श्रमण हुनसक्दैन ।

त्यसरी नै तपस्या गर्नु, ब्रह्मचर्यको पालना गर्नु, आर्य सत्य धर्मको बोध गर्नु, निर्वाणलाई साक्षात्कार. गर्नु, आठ वटा लोक धर्मबाट चित्त कम्प नहुनु, शोक सन्ताप नलिनु, राग, द्वेष र मोहरुपी क्लेशको धुलो नहुनु, निर्भय हुनु, धार्मिक कार्यमा अप्रमादी हुनु, धर्माचरण गर्नु, पूर्वजन्ममा प्रकट हुनु आदि बुद्धका मङ्गल सूत्र हुन् ।

कुनै सूत्रभित्र विद्या, विचार, दर्शन हुन्छ । सूत्र घोक्न र कण्ठ गर्नको लागि होइन, सिक्नको लागि हो । त्यो व्यवहारवादी हुनुपर्छ । व्यवहारमा प्रयोग गर्नै नसक्ने सूत्र देखाउने दाँत हुन्छ । सूत्र या मङ्गलको नाउँमा समाज भडकिन्छ, बेथितिमा पुऱ्याइन्छ भने त्यसको कार्यान्वयन गर्नु गलत हुनेछ । टाउको दुःखेको औषधि नाइटोमा लगाएर निको हुँदैन ।

बुद्ध धर्म र बुद्धको विचार नै संसार होइन । संसारका सबै मानिस बुद्ध धर्म र बुद्धको विचार मानेर जीवन बिताइरहेका छैनन् । सम्पूर्ण प्राणी बुद्ध विचारभित्र अट्दैनन् । २५ सय वर्षअघिका उपदेश सबै यो समयमा व्यवहारोनुकूल नहुन सक्छ । बुद्धका वाणी र विचार भनेर बुद्धका सबै वाणी र विचारलाई अन्धानुकरण गर्न खोज्नु कति सही र गलत । त्यसबारे बौद्धमार्गी र भिक्षु भिक्षुणीहरुबीच बहस गर्नैपर्छ । बुद्धको उपदेश भनेर आँखा चिम्लेर समर्थन गर्नुपर्छ र मान्नैपर्ने कर गर्नु कतिको बुद्धिमानी हुने हो । त्यो पनि छलफलकै विषय छ । बुद्धका ३८ वटा मङ्गल सूत्र पनि समय अनुकूल अनुकरण गर्न उपयुक्त छ या छैन, चिन्तनमनन गर्नुपर्छ । मङ्गल सूत्रलाई सुगारटाइ गर्नु बुद्धिमानी हुनेछैन । ३८ वटा मङ्गल कण्ठ गर्दैमा, त्यसलाई जस्ताको तस्तै लागू गर्दैमा शत्रु नास हुन्छ, दुःख कहिल्यै हुँदैन भनेर पाठ घोकाउनु कतै बुद्धका विचारविपरीत हुने त होइन ?

हो, देश चलाउने व्यक्तिहरुमा प्रज्ञा हुनुपर्छ, करुणा, दया हुनुपर्छ, ठाउँ, समय र परिस्थिति हेरेर काम गर्नुपर्छ । मिथ्या दृष्टि पाल्नु हुँदैन । शील र चित्त शुद्ध हुनुपर्छ । नेताहरु धेरै भएर देश बिग्रिने होइन । यो दृष्टि भ्रम हो । तर स्वार्थी नेताहरु हुनुहुँदैन । सबै नेताहरु स्वार्थी पनि हुँदैनन् । सबै नेताहरुलाई स्वार्थी सम्झनु गलतै हुनेछ । सारमा मङ्गल उपदेश चिन्तनसङ्ग्रह पठनीय छ । यो उपदेशमूलक पुस्तक हो । पुस्तकका लेखिका डा. अनोजा गुरुमाँ र पुस्तक प्रकाशक सुलक्षण कीर्तिविहारलाई साधुवाद ।

❖❖❖




# हार्दिक शुभकामना !

श्रद्धेय **भिक्षु अश्वघोष महास्थवीर**को
८८ औं जन्म दिवसको
उपलक्ष्यमा सुस्वास्थ्य तथा चिरायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बौद्ध दर्शन अध्ययन समाज परिवार**
भक्तपुर

# त्रैमासिक "अर्हत" वर्ष २ अंक १ देखि ४ सम्मको वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

१) रुसा प्रजापति - भनपा च्याम्हासिंह-१
२) कृष्ण हलुवाई - भनपा सुकुध्वाका-८
३) तुल्सीभक्त श्रेष्ठ - भनपा सुकुध्वाका-८
४) रामप्रसाद अवाल - भनपा तुछिमला-९
५) राकेश शाक्य - भनपा सुकुध्वाका-८
६) देव फार्मेसी (सुमन साख) - भनपा १३
७) रामप्रसाद प्रजापति
८) ल्यायम्ह वज्र बज्राचार्य - भनपा तुलाछें-८
९) गोपीकृष्ण प्रजापति - भनपा तुछिमला-९
१०) सुकुलढोका सपिङ्ग सेन्टर - भनपा सुकुलढोका
११) नारायण प्रसाद कर्माचार्य - भनपा सुकुलढोका
१२) पदमबहादुर मानन्धर - भनपा-४
१३) पुष्पराज शाक्य - भुल्चा, सूर्यविनायक
१४) मेथड कन्सल्ट प्रा.लि. - सूर्यविनायक
१५) विवेकमान कर्माचार्य - भनपा तुलाछें-८
१६) नवराज धौबन्जार - भनपा - सुकुलढोका-८
१७) लक्ष्मीभक्त चवाल - भनपा-११
१८) लक्ष्मीभक्त कवां - भनपा गोल्मढी-७
१९) केशव दिवाकर - भनपा तुलाछें-८
२०) रामहरि श्रेष्ठ - भनपा सुकुलढोका-८
२१) गणेश ज्यासः पसः - भनपा-८
२२) इन्द्रप्रसाद अवाल - भनपा तुछिमला-५
२३) हरिशरण अवाल - भनपा तुछिमला-५
२४) काजीबहादुर अवाल - भनपा तुछिमला-५
२५) तुल्सीभक्त अवाल - भनपा तुछिमला-५
२६) सिद्धिराम अवाल - भनपा तुछिमला-५
२७) प्रदिप शाक्य - भनपा भोलाछें-५
२८) सिताराम अवाल - भनपा तुछिमला-५
२९) लतं भक्त अवाल - भनपा तुछिमला-५
३०) शेरबहादुर छाबा - भनपा तुछिमला-९
३१) रुपेश खोतेजा - भनपा चोछें-९
३२) श्री छुमा गणेश साकोस भनपा तुछिमला-९
३३) श्याम खड्गी - भनपा भोलाछें-५
३४) पूर्णबहादुर अवाल - भनपा तुछिमला-५
३५) सिताराम कुम्पाख - भनपा भोलाछें-५
३६) टेकबहादुर अवाल - भनपा तुछिमला-५
३७) देवसुन्दर शाक्य - भनपा तुछिमला-८
३८) शुभकामना फोटोकपी - भनपा-११
३९) गणेश ज्यास पसः - भनपा साकोठा-११
४०) रामकृष्ण अवाल - भनपा तुछिमला-९
४१) विश्वमोहन जोशी - भनपा ब्यासी-१०
४२) न्हुछेकुमार अवाल - भनपा तुछिमला-९
४३) गणेश काष्ठ उद्योग - भनपा जगाती-७
४४) कृष्णबहादुर सुवाल - सूर्यविनायक
४५) दैव अवाल - भनपा तुछिमला-९
४६) शिव मानन्धर - सूर्यविनायक

४७) भक्तपुर हार्डवेयर सेन्टर - सूर्यविनायक
४८) सूर्यविनायक कोल्ड रिट्रेड - सूर्यविनायक
४९) रुपा प्रजापति
५०) कृष्ण प्रजापति - भनपा तुछिमला-९
५१) आभा प्रजापति - भनपा क्वाठन्डौं-४
५२) योगेन्द्र बहादुर प्रधानाङ्ग - नयाँ बानेश्वर
५३) कवीरकुमार बज्राचार्य - भनपा-९
५४) अस्मिता कोजू - भनपा ब्यासी-१०
५५) सुमित्रा त्यात - भनपा गोल्मढी-७
५६) सबिन शाक्य - भनपा-४
५७) बलराम दुवाल
५८) गोविन्दमान श्रेष्ठ - सोह्रखुट्टे, काठमाडौं
५९) धनप्रसाद प्रजापति - भनपा सूर्यमढी-१
६०) मनिष रंजित - भनपा गोलमढी-७
६१) रामगोपाल अवाल - भनपा तुछिमला-५
६२) कृति शाक्य - कमलविनायक
६३) रेणु बज्राचार्य - टेकु, काठमाडौं
६४) केशव शाक्य - किलागल, काठमाडौं
६५) मिनु शाक्य - क्वाठन्डौं, भक्तपुर
६६) अञ्जली शाक्य - बालाजु, काठमाडौं
६७) इरेना शाक्य - मरुटोल, काठमाडौं
६८) प्रकाश बज्राचार्य - नरदेवी, काठमाडौं
६९) सिद्धिमुनि बज्राचार्य - सितापाइला, काठमाडौं
७०) कमला श्रेष्ठ - न्यूरोड, काठमाडौं
७१) कमला कंसाकार - ठमेल, काठमाडौं
७२) ज्ञानेन्द्र दाहाला - दधिकोट, भक्तपुर
७३) धनकुमार श्रेष्ठ - भक्तपुर
७४) जगनाथ खतिवडा - कटुञ्जे, भक्तपुर
७५) हरिप्रसाद वास्तोला - खरिपाटी, भक्तपुर
७६) बद्री उप्रेती - बारा
७७) कृष्णप्रसाद कर्माचार्य - सूर्यविनायक, भक्तपुर
७८) रिणा प्रधान - सूर्यविनायक, भक्तपुर
७९) गणेशलाल फोंजु - छालिङ्ग, भक्तपुर
८०) राजन चगुथि - भक्तपुर
८१) जिवराज पोखरेल
८२) सूर्य भण्डारी - भक्तपुर
८३) मोहनकृष्ण श्रेष्ठ - भक्तपुर
८४) दिनेश सिलवाल - भक्तपुर
८५) सुमन सुवाल - भोलाछें, भक्तपुर
८६) शिवजी हाकु दुवाल - लाकोलाछें, भक्तपुर
८७) बाबुकृष्ण केसी - कटुञ्जे, भक्तपुर
८८) रविन्द्र कुसी - सूर्यमढी, भक्तपुर
८९) लक्ष्मीनारायण शिल्पकार - पाण्डुबजार, भक्तपुर
९०) पृथ्वीकुमार प्रजापति - सिपाडोल, भक्तपुर
९१) रमेश तुइतुई - सूर्यविनायक, भक्तपुर
९२) श्याम धौभडेल - सूर्यविनायक, भक्तपुर
९३) पशुपति प्रजापति - सूर्यविनायक, भक्तपुर
९४) रामहरि कार्जी - सूर्यविनायक, भक्तपुर
९५) पुष्प बनेपाली - सूर्यविनायक, भक्तपुर
९६) **Y.S.S.W.** लाइब्रेरी - सूर्यविनायक, भक्तपुर
९७) **AVN Cable Net** - भक्तपुर
९८) दोबालाल सिलाकार - सूर्यविनायक
९९) भानु हुमागाई - मोरङ
१००) बब्लुकुमार रावत - ताथली, भक्तपुर
१०१) डिल्लीराम प्रसाई - भक्तपुर
१०२) कृष्णबहादुर मानन्धर - मुलढोका, भक्तपुर
१०३) काशीलाल प्रजापति - सूर्यमढी, भक्तपुर
१०४) रविन्द्र ज्याख्व - भक्तपुर
१०५) रामशरण खानिबञ्जार - वडा नं. ३
१०६) सुन्दर शाक्य - वडा नं. ४

कविता

# सेवा याये वा !

✍ चन्द्रबहादुर उलक

ग्वीदा द:म्हा बुराचा,
चय्दा द:म्हा बुरीचा;
काय् भौ पिनि माया मंत,
नुगलय् भ्या भतिचा ॥१॥

लासाय् खिच्व कायेमाल,
थेनेगु थानेगु यायेमाल;
नकेगु त्वंकेगु ज्याखं याङ
भौमचा कु चाल ॥२॥

नकसां मनक धाय: हल,
भौ पिसं न्हिं न्हिं ब्व फल;
बुरा बुरी मचात जुय:,
कताम्हारी म्हित हल ॥३॥

गवलें ख्वइगु गवलें न्हयलिगु,
बानि अमिगु जुय: वल;
९० सालं भ्व:खा ब्वगु,
न्हिं न्हिं लुमांकल ॥४॥

अ धः:गु खाँ अले मधाल,
मचा-खाचा थ:म्हा म्हामसिल;
काय् भौ पिन्ता मां-ब्वा धाय:
म्हयारें न्हयय्कल ॥५॥

भौ नं काय् भाजु हेकल,
मखुगु खाँ जक प्वंकल;
मां बौ पिंता चारधाम धाधां,
पशुपति वाय्हल ॥६॥

धाकु फय् हवीं हवीं वल,
झर झर झरी नं जुल;
थुरु थुरु खाङ बुरा बुरी,
म्हारे दु:ख सिल ॥७॥

बुरा बुरी सकलिं जुइतिनि
न्हयावलें बैंस दैमखुनि;
मां बौ पिंता हेला य:सा,
थ:ता नं याइतिनि ॥८॥

आदर निकेतन दय्के वा !
सेवा भीसं याये वा !
ज्ञान गुणया खाँ सय्के य:सा
बुरा बुरी म्वाके वा ! ॥९॥

❖❖❖

बौद्ध दर्शन अध्ययन समाज

द्वारा प्रकाशित

बौद्ध साहित्यिक पत्रिका

"अर्हत" त्रैमासिक

निरन्तर प्रकाशनको निम्ति हार्दिक

शुभकामना व्यक्त गर्दछ ।

# बासु उच्च माध्यमिक विद्यालय/कलेज

कालीघाट, ब्यासी, भक्तपुर, सम्पर्क फोन नं.६६२०३००, ६६१५२५७, ६६१९०१४

जि.प्र.का. भक्तपुर द.नं. १२६

बौद्ध दर्शन अध्ययन समाज
द्वारा प्रकाशित बौद्ध साहित्यिक
पत्रिका

"अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको
शुभकामना !



ख्वप उच्च माध्यमिक विद्यालय/कलेज

देकोचा, भक्तपुर, ०१-६६१०९३२, ०१-६६१६०१८